# स्थानीय राजपत्र

**खण्ड १, गोल्जुङबेशी रसुवा मिति २०८१।३।२० (अतिरिक्ताङ्क १५)**

## भाग- २

## आमाछोदिङमो गाउँपालिकाको सूचना

नेपालको संविधान बमोजिम आमाछोदिङमो गाउँपालिकाले आमाछोदिङ्मो गाँउपालिका सहकारी ऐन, २०७६ बनाई सर्वसाधारण जनताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### आमाछोदिङमो गाउँपालिकाको सहकारी ऐन, २०७६

प्रस्तावनाः सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीयस्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, • वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीब्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको दर्ता, सञ्चालन एवम् नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

आमाछोदिङमो गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

आमाछोदिङमो स्थानीय राजपत्र

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आमाछोदिङमो गाउँपालिकाको सहकारी ऐन, २०७६० रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “आन्तरिक कार्यविधि" भन्नाले संहकारी संस्थाले दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ ।

(ख) "कसूर" भन्नाले दफा ७९ बमोजिमको कसूर सम्झनुपर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) “परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ ।

तर सो शब्दले अंशबण्डा गरीवा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(ङ) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ ।

(च) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने संघीय मन्त्रालय सम्झनुपर्छ ।

(छ) "मुख्य कारोबार" भन्नाले संस्थाले संचालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्य तर्फको खरिद वा बिक्री कारोवारमा कम्तीमा तीस प्रतिभन्दा बढी हिस्सा भएको कारोवार सम्झनुपर्छ

(ज) "रजिष्ट्रार" भन्नाले संघको रजिष्ट्रार सम्झनु पर्छ ।

आमाछोदिङमो स्थानीय राजपत्र

(झ) "लेखा सुपरीवेक्षण समिति" भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्छ ।

(ञ) "विनियम" भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा १७ बमोजिम बनाएको विनियम सम्झनुपर्छ ।

(ट) "विभाग" भन्नाले संघको सहकारी विभाग सम्झनुपर्छ र सो शब्दले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउँछ ।

(ठ) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पूजीको अंश सम्झनुपर्छ ।

(ड) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

(ड) "सदस्य" भन्नाले सहकारी सस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ ।

(ढ) "समिति" भन्नाले दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ ।

(ण) "सहकारी मूल्य" भन्नाले स्वावलम्वन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, ; इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ ।

(त) "संस्थाको व्यवसाय" भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ ।

(थ) "सहकारी सिद्धान्त" भन्नाले स्वैच्छिक तथाखुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालीम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ ।

(द) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनु पर्छ ।

/(ध) "साधारण सभा" भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनुपर्छ ।
(न) "प्राथमिक पूँजी कोष" भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ ।
(प) "दर्ता गर्ने अधिकारी" भन्नाले दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ ।

## परिच्छेद - २
## सहकारी संस्थाको गठन तथा दर्ता

३. संस्थाको गठन : (१) कम्तीमा तीस जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा वहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भइ व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्रजना नेपाली नागरिकहरु भए पनि संस्था गठन गर्न सक्नेछन् ।
(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वां त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा संचालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कम्तीमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।तर एकसय जनाभन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तीमा तीसजना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।
(४) यस दफा बमोज़िम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा (२) मा उल्लिखित संख्या पुगेको हुनुपर्नेछ ।
तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधापर्नेछैन
।

४. दर्ता नगरी सहकारी सस्था संचालन गर्न नहुनेः कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न हुँदैन।

५. दर्ताको लागि दरखास्त दिनु पर्ने : (१) यस ऐन बमोजिम गठन भएका सरकारी संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची-१ को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछ

(क) सहकारी संस्थाको प्रस्तावित विनियम

(ख) सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण ।

६. दर्ता गर्नु पर्ने : (१) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ :-

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई संचालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका आमाछोदिङमो गाउँपालिका भित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिने छ ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

७. दर्ता गर्न अस्वीकार गर्न सक्ने : (१) दफा ६ को उपदफा (१) मा उल्लिखित अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अबधि भित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र बिनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी बिनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिन भित्र सोको जानकारी सम्बन्धित निवेदकहरूलाई दिनु पर्नेछ ।

८. सहकारी संस्था संगठित संस्था हुनेः (१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित् र सङ्गठित संस्था हुनेछ।

(२) सहकारी संस्थाको, काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) सहकारी संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, विक्री वा अन्य व्यवस्था गर्न सक्नेछ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

९. सहकारी संस्थाको कार्यक्षेत्र : (१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्य क्षेत्र देहाय बमोजिम हुनेछः

(क) बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको हकमा एक वडा,

(ख) अन्य संस्थाको हकमा एक बडा वा देहायका आधारमातीन वडासम्म :

(१) सदस्यहरुवीच स्वाबलम्बनको पारस्पारिक अभ्यासको लागि आपसी साझा वन्धन (कमन बण्ड),

(२) व्यवसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या,

(३) संस्था संचालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुईवर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार गर्न सक्नेछ ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,.

(ख) संस्थाको कार्य संचालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्ख रचनात्मक उपायहरु अवलम्बन गरिएको,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा मापदण्ड अनुसार भएको

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको कार्यक्षेत्रका वडाहरूमा व्यावसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा दर्ता गर्ने अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ ।

(७) उपदफा (३) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नुपर्नेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ ।

(९) कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१०. जानकारी दिनुपर्नेः आमाछोदिङमो गाउँपालिकाभन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका संस्थाहरूले मा सेवा सञ्चालन गर्दा आमाछोदिङमो गाउँपालिकामा सञ्चालित सेवाको विवरण सहित दर्ता गर्ने अधिकारीलाई जानकारी दिनुपर्नेछ ।

११. विषयगत आधारमा वर्गीकरणः (१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) उत्पादक संस्थाः कृषि, दुग्ध, चिया, कफि, उखु, फलफुल र माछापालन विशेषका विषयगत र अगुवावाली एवम् उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्था;

(ख) उपभोक्ता संस्थाः उपभोक्ता भण्डार, वचत तथा ऋण, उर्जा र स्वास्थ्य विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था;

(ग) श्रमिक संस्थाः हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजना समेतका आधारमा अन्य श्रममा आधारित संस्था;

(घ) बहुउद्देश्यीय संस्थाः उत्पादन, उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने अन्य बहुमुखी संस्था ।

आमाछोदिङमो स्थानीय राजपत्र

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा तोकिएबमोजिमका विषयहरु थप गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम अन्य संस्थाहरु गठन गर्न बाधा पर्नेछैन ।

१२. कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने : (१) दफा ६ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरे पछि संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले उपदफा (१) बमोजिम कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन ।'

तर त्यस्तो कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोवार, व्यवसाय, उद्योग वा परियोजना संञ्चालन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ ।

(५) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् ।

(६) उपदफा (५) बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ ।

१३. दायित्व सीमित हुने : (१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

• (२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राखु पर्नेछ ।

१४. सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्नेः सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ ।

परिच्छेद-३

संस्थाका उद्देश्य तथा कार्य

१५. संस्थाको उद्देश्यः कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ ।

१६. संस्थाको कार्य : संस्थाका कार्यहरू देहाय बमोजिम हुनेछन्ः-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्नेगराउने,

(ख) सदस्यको हित प्रवर्द्धनगर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालीम प्रदान गर्ने,

(ङ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापनसम्बन्धी कार्य गर्ने,

(च) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(छ) संस्थाको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(ज) मन्त्रालय रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, स्थानीय तह वा दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(झ) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

परिच्छेद-४

विनियम तथा आन्तरिक कार्यविधि

१७. विनियम बनाउनु पर्ने : (१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भए पछि लागू हुनेछ ।

१८. आन्तरिक कार्यविधि बनाउन सक्ने : (१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधी र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारणसभाले स्वीकृत गरेपछि लागू हुनेछ ।

१९. विनियम र आन्तरिक कार्यविधिमा संशोधन : (१) संस्थाको साधारणसभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।

परिच्छेद-५

सदस्यता

२०. संस्थाको सदस्यताः (१) अठार वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरु संस्थाको सदस्य हुन सक्नेछन्ः

(क) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ख) संस्थाको विनियममा उल्लिखित शर्तहरु पालना गर्न मन्जुर गरेको,

(ग) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

(घ) संस्थाले गरेको कारोवारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको,

(ङ) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरु, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरु संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सहकारी संस्थामा सहकारी संस्थाले सदस्यता लिन वाष्ण पर्ने छैन ।

२१. सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्नेः (१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको रामिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदनपरेको मितिले पैतीस दिन भित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिनभित्र निबेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था दर्ता गर्ने अधिकारीसमक्ष उजूर गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजूरी छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिन भित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई गराउनु पर्नेछ ।

२२. सदस्य हुन नपाउने : (१) कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा वढी संस्थाको सदस्य हुन पाउने छैन । तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै

प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीनवर्ष भित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा नेपाल सरकारको निकाय वा दफा २० को उपदफा (२) मा. उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँचवर्ष भित्र सदस्यता अन्त्य गर्नुपर्नेछ ।

२३. सदस्यताको समाप्तिः (१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः-

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगात्गर बार्षिक साधारणसभामा बिना सूचना तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यस ऐन, यो ऐन अन्तर्गत वनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २० बमोजिमको योग्यता नभएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नु पर्ने कुनै दायित्व वा अन्यकुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारणसभा बोलाउने निर्णय भइसकेपछि साधारणसभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

२४. सुविधा प्राप्त गर्न नसक्ने : कुनै सदस्यले सहकारी संस्थालाई तिर्नु पर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुबिधा प्राप्त मर्न सक्ने छैन ।

## परिच्छेद -६

## साधारणसभा, समितितथा लेखा सुपरिवेक्षण समिति

. २५.साधारणसभाः (१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रुपमा साधारणसभा हुनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारणसभाका सदस्य हुने छन् ।

(३) सहकारी संस्थाको साधारणसभा देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारणसभा,

(ख) वार्षिक साधारणसभा,

(ग) विशेष साधारणसभा ।

२६. प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकारः प्रारम्भिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रारम्भिक साधारणसभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियम्मा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

२७. बार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार : वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघट्न गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(ज) (झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमां निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

२८. साधारणसभाको साधा बैठक : (१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारणसभा बोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारणसभा बोलाउनु पर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ :-

(कं) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनुपर्ने समितिवाट निर्णय भएमा,

(ख) दफा ३८ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ग) कुनै सञ्चालकले विशेष साधारणसभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्धारा पारित भएमा,

(घ) विशेष साधारणसभा बोलाउनु पर्ने कारण खुलाइ पच्चिस प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(ङ) दफा २९ कोउपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा,

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो • जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता गर्ने अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ ।

२९. विशेष साधारणसभा बोलाउन निर्देशन दिन सक्नेः (१) संस्थाको निरीक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजूरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारणसभा बोलाउन निर्देशन दिन सक्नेछः-

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विरित कार्य ग्रेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा,

(घ) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(ङ) दफा ३१ को उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएमा।

(२) उपदफा (१) बमोजिम साधारणसभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारणसभाको बैठक बोलाउनु पर्नेछ र साधारणसभाको बैठकमा उजूरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता गर्ने अधिकारीसमक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारणसभा नबोलाएमा दर्ता गर्ने अधिकारीले त्यस्तो साधारणसभा बोलाउन सक्नेछ ।

(४) सहकारी संस्थाको साधारणसभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ ।

तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक

बोलाइएको साधारण सभामा संचालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २८ को (४) मा भएको व्यवस्था सोहीअनुसार हुनेछ ।

(६) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा वडा-वडा वा अन्य पायकको स्थानमा संचालक सदस्यहरुलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरु छनौट गरी त्यस्ता प्रतिनिधिहरुको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

३०.सञ्चालक समिति : (१) सहकारी, संस्थामा साधारणसभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ ।

तर, एउटै व्याक्त लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) कुनै संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैङ्कबाहेक अर्को कुनै संस्थाको संचालक बन्न पाउने छैन ।तर वार्षिक दुई करोड रुपैयाभन्दा कमको कारोवार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोडभन्दा बढि कारोवार गर्ने संस्थामा कुनै

आमाछोदिङ्मो स्थानीय राजपत्र

संचालक कर्मचारी रहेको भए यो ऐन. प्रारम्भ भएको मितिले दुई वर्षभित्र त्यस्तो संचालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ ।

(६) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(७) समितिको कार्यावधि चार वर्षको हुनेछ ।

३१. 'सञ्चालक समितिको निर्वाचन : (१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु कम्तिमा एक महिना अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारले त्यस्तो संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुर्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

३२. समितिको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) सम्बन्धित संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारणसभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारणसभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारणसभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

३३. निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुने : (१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन ।

आमाछोदिङ्मो स्थानीय राजपत्र

(२) सञ्चालकले आफूलाईमात्र व्यक्तिगत फाइदा हुनेगरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को बिपरीत हुने गरी वा आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजको जायजेथाबाट असूल उपर गरिनेछ ।

३६. समितिको विघटन : (१) साधारणसभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः-

(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेमा,

(घ) समितिले आफ्नो ज़िम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारणसभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा २९ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता गर्ने अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधि भित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

गामाकोशिका स्थानीय राजपत्र

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता गर्ने अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

३७. लेखा सुपरीवेक्षण समितिको गठन : (१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारणसभाले निर्वाचनबाट लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

३८. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार : (१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारणसभाकोनिर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारणसभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारिस गर्ने ।

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

## परिच्छेद-७
## बचत तथा ऋण परिचालन

३९. सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्ने : (१) संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा वहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोवार गर्न पाउने छैन ।

तर यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोवारको रुपमा वचत तथा ऋणको कारोवार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्ष भित्रमा वचत तथा ऋणको मुख्य कारोवार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोवार गर्ने गरी संस्था सञ्चालन गर्नुपर्नेछ ।

(३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क लिन पाइने छैन ।

(४) बचत र ऋणको व्याजदर बिचको अन्तर छ प्रतिशतभन्दा बढी हुने छैन ।

(५) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा व्याज लगाउन पाइने छैन ।

(६) संस्थाले कुनैपनि कम्पनीको शेयर खरिद गर्न सक्ने छैन ।

तर

(१) संस्थाको दायित्वप्रति प्रतिकूल नहुने गरी संस्थाले स्वप्रयोजनको लागि अचल सम्पत्ति खरीद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरुको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पूँजी कोष परिचालन गर्न वाधा पर्ने छैन ।

(२) यो ऐन प्रारम्भ हुनु अघि कुनै संस्थाले कुनै कम्पनीको शेयर खरिद गरेको भएमा त्यस्तो शेयर यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष अवधिभित्र हस्तान्तरण गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएका साना किसानद्वारा प्रवर्द्धित वित्तीय संस्थाको शेयर खरिद गर्न बाधा पर्नेछैन ।

(७) संस्थाले शेयर पूँजी कोषको दश गुणासम्म वचत संकलन गर्न सक्नेछ ।

(८) संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन ।

३०. सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्थाः (१) संघीय कानुन बमोजिम रजिष्ट्रारले बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ व्याजदर संस्थाका लागि निर्देशक व्याजदर हुनेछ ।

४१. व्यक्तिगत बचतको सीमाः संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा तीस लाखसम्म हुनेछ ।

## परिच्छेद -८
## आर्थिक स्रोत परिचालन

४२. शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यबस्था : (१) संस्थाले आफ्नो सदस्यलाई शेयर विक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन।

(४) संस्थाको शेयरको अंकित मूल्य प्रति शेयर एक सय रुपैयाँ हुनेछ ।

(५) संस्थाको शेयरपूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(६) संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन ।

(७) संस्थाको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन।

४३. रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था : (१) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिनाभित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(३) संस्थाले वचत खाताहरु मात्र संचालन गर्न सक्नेछ ।

४४. ऋण वा अनुदान लिन सक्नेः (१) संस्थाले विदेशी बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न संघीय कानून वमोजिम स्वीकृती लिनु पर्ने छ ।

(२) उपदफा (१) वमोजिम विदेशी बैङ्क वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतीको लागि तोकिएवमोजिमको विवरणहरु सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले गाउँपालिकामा प्रस्ताव पेश गर्नु
पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रस्ताव गाउँकार्यपालिकाले उपयुक्त देखेमा स्वीकृतीकोलागि मन्त्रालयमा शिफारिस गरि पठाउनेछ ।

४५. नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्नेः (१) संस्थाले विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा संघीय कानून वमोजिम स्वीकृतिकोलागि दर्ता गर्ने अधिकारि समक्ष प्रस्ताव सहित निवेदन दिनु पर्ने छ ।

(२) दफा (१) वमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा गाउँ कार्यपालिकाले संघीय कानुन बमोजिम स्वीकृतिको लागि मन्त्रालयमा शिफारिस गरि पठाउनु पर्नेछ ।

## परिच्छेद - ९

## संस्थाको कोष

४६. संस्थाको कोष : (१) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ :-

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रुपमा प्राप्त रकम,

(ग) ऋणको रुपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यवसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क,

(ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

४७. जगेडा कोष : (१) संस्थामा एक जगेडा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :-

(क) आर्थिक वर्षको खूद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति विक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ ।

४८. संरक्षित पूँजी फिर्ता कोषः (१) संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ ।

) दफा ४७ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम

जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको संघीय कानुनमा तोकिए बमोजिमको वार्षिक

कारोवारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

४९. सहकारी प्रवर्द्धन कोषसम्बन्धी व्यवस्थाः (१) संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ४७ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य

आमाछोदिङ्मो स्थानीय राजपत्र

दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानुनमा व्यवस्था भएबमोजिमको सहकारी प्रवर्द्धन कोषमावार्षिक रुपमा जम्मा गर्नु पर्नेछ ।

(२ छुट्ट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा (२) उपदफा (१) बमोजिमको कोषको उपयोग संघीय कानुन घ्यवस्था भएबमोजिम हुनेछ ।

५०. अन्य कोष सम्बन्धी व्यवस्थाः (१) दफा ४६, ४७, ४८ र ४९ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरु रहन सक्ने छन् ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ ।

तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको पन्ध्र प्रतिशतभन्दा बढी हुने छैन ।

परिच्छेद -१०

अभिलेख र सूचना

५१. अभिलेख राख्नु पर्ने : (१) संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिबेक्षण समिति बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ ।

(२) संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ ।

५२. विवरण उपलब्ध गराउनु पर्ने : (१) संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन आ.व. समाप्त भएको तीन महिना भित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ :-

(क) कारोबारको चौमासिक र बार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन

(ख) बार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) खुद बचत संम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारणसभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

ज) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण ।

## परिच्छेद - ११

## लेखा र लेखापरीक्षण

५३. कारोबारको लेखाः संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्टरुपमा देखिने गरी संघीय कानून बमोजिम रजिष्ट्रारले लागू गरेको लेखामान (एकाउन्टिङ स्टयाण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राखु पर्नेछ ।

५४. लेखापरीक्षणः (१) संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको लेखा परीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारणसभासमक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोंजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारणसभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारणसभाले दफा ५५ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

आमचोक गाउँपालिका राजपत्र

५५. लेखापरीक्षकको नियुक्ति : (१) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारणसभाले एकजना लेखापरीक्षक नियुक्ति गरी पारिश्रमिक समेत तोक्नेछ ।
(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

५६. लेखापरीक्षकमा नियुक्त हुन नसक्ने : (१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैन :-
(क) सहकारी संस्थाको सञ्चालक,
(ख) सम्बन्धित संस्थाको सदस्य,
(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,
(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,
(ङ) दामासाहीमा परेको,
भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,
(ज) सम्बन्धित संस्थासँग स्वार्थ बाझिएको व्यक्ति ।
(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुराको संस्था समक्ष स्वघोषणा गर्नुपर्नेछ ।
(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नु पर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा संस्थालाई दिनु पर्नेछ ।

आमचोदिङ्मो स्थानीय राजपत्र

(४) यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

## परिच्छेद - १२

## छुट. सुविधा र सहुलियत

५७. छुट सुविधा र सहुलियतः (१) संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत संघीय कानुन बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक संस्थालाई प्राप्त हुने अन्य छुट, सुविधा र सहुलियत तोकिए बमोजिम हुनेछ ।'

## परिच्छेद-१३

## ऋण असुली तथा बाँकी बक्यौता

५८. ऋण असुल गर्नेः (१) कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, व्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, व्याज र हर्जाना असूल उपर गर्न सक्नेछ। धितो सम्बन्धित सस्थाले सकारे पश्चात् पनि ऋणीले साँवा व्याजं दुवै भुक्तानी गरी धिंतो बापतको सम्पत्ति फिर्ता लिन चाहेमा फिर्ता गर्नुपर्नेछ ।

(२) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, व्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, व्याज र हर्जाना असूल उपर गर्न सकिनेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

(४) यस दफा बमोजिम साँवा, व्याज र हर्जना असूल उपर गर्दा लागेको खर्चको रकम तथा असूल उपर भएको साँवा, व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम कुनै संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्था आफैले सकार गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम आफैले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ ।

५९. कालो सूची सम्बन्धी व्यवस्थाः संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालोसूची प्रकाशन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

६०. कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्थाः कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

६१ बाँकी बक्यौता असुल उपर गर्ने : कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत दर्ता गर्ने अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असूल उपर गरिदिन सक्नेछ ।

६२. रोक्का राखन लेखी पठाउनेः (१) संस्था वा दर्ता गर्ने अधिकारीले दफा ५८ र ६१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व

हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिङ्गे खाता, जाय जेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्नराखी दिनु पर्नेछ ।

६३. अग्राधिकार रहनेः कुनै व्यक्तिले संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहनेछ ।

६४. कार्यवाही गर्न बाधा नपर्नेः संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारबाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिने छैन ।

## परिच्छेद- १४

## एकीकरण, बिघटन तथा दर्ता खारेज

६५. एकीकरण तथा विभाजन सम्बन्धी व्यबस्थाः (१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ।

६६. विघटन र दर्ता खारेजः (१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको

निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनसक्नेछ :-

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछ :-

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि पन्ध्र दिनको समय दिनु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ

(७) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

६७. लिक्वीडेटरको नियुक्तिः (१) दफा ६६ बमोजिम कुनै संस्थाको दर्ता खारेज भएमा दर्ता गर्ने अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ ।

(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानुनमा तोकिएको सिमा सम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

६८. लिक्वीडेशन पछिको सम्पतिको उपयोगः कुनै संस्थाको लिंक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको. सम्पत्तिको उपयोग संघीय कानुनमा तोकिए बमोजिम हुनेछ ।

परिच्छेद - १५
दर्ता गर्ने अधिकारी

६९. दर्ता गर्ने अधिकारीः (१) यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू आमाछोदिङमो गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आंफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७०. काम, कर्तव्य र अधिकारः यस, ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

परिच्छेद - १६
निरीक्षण तथा अनुगमन

७१. निरीक्षण तथा अभिलेख जाँच गर्नेः (१) दर्ता गर्ने अधिकारीले संस्थाको जुनसुकै वखत निरीक्षण तथा अभिलेख परीक्षण गर्न, गराउन सक्नेछ ।

(२) नेपाल राष्ट्र बैङ्कले जुनसुकै बखत तोकिएको भन्दा बढी आर्थिक कारोवार गर्ने संस्थाको हिसाव किताव वा वित्तीय कारोवारको निरीक्षण वा जाँच गर्नु गराउन सक्नेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि नेपाल राष्ट्र बैङ्कले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आबश्यक विवरण वा सूचनाहरू संस्थाबाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

(४) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै संस्थाको कामकारबाही यो 'ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(६) नेपाल राष्ट्र बैङ्कले यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा नेपाल राष्ट्र बैङ्कले प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ।

(७) यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैङ्कले आमाछोदिङमो गाउँ कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

७२. छानविन गर्न सक्ने : (१) कुनै संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा वीस प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानिवन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित संस्थालाई लिखित रुपमा दिनु पर्नेछ ।

७३. बचत तथा ऋणको कारोबार गर्ने संस्था को निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था : (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले गोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(२) दर्ता गर्ने अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थाको निरीक्षण तथा अनुगमन दर्ता गर्ने अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

७४. वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने : (१) दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछः-

(क) सञ्चालनमा रहेका संस्थाको विवरण,

(ख) अनुगमन गरिएका संस्थाको संख्या तथा आर्थिक कारोवारको विवरण,

(ग) संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

`(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) संस्थालाई गाउँपालिकाबाट प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्थाले सञ्चालन गरेको दफा १२ बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण ।

७५. आपसी सुरक्षण सेवा संचालन उम्बन्धी व्यवस्थाः (१) संस्थाले संघीय कानुनमा व्यवस्था भएबमोजिम आफ्ना सदस्यहरुको बालीनाली वा वस्तुभाउमा भएको क्षतिको अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा संचालन गर्न सक्नेछ ।

७६) स्थिरीकरण कोष सम्बन्धी व्यवस्थाः १) बचत तथा ऋण विषयगत संस्थाहरू सम्भावित जोखिमबाट संरक्षणका लागि संघीय कानुनमा व्यवस्था भएबमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुन सक्नेछन् ।

## परिच्छेद —१७

## समस्याग्रस्त संस्थाको व्यवस्थापन

७७) संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिनेः १) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सक्नेछस्(

- सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,
- संस्थाले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,
- सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,
- यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,
- संस्था दामासाहीमा पर्न सक्ने अबस्थामा भएको वा उल्लेखनीय रुपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,
- कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा वीस प्रतिशत वा वीस जना

मध्ये जुन कम हुन्छ सो वरावरका सदस्यहरूले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड ९क० देखि ९ङ० सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

- उपदफा ९१० मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गठन गरेको आयोगले कुनै संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सक्नेछ ।

७८) व्यवस्थापन समितिको गठनः १) दफा ७७ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यकालागि व्यवस्थापन समितिको गठन गर्न दर्ता गर्ने अधिकारीले कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

२) उपदफा (१) बमोजिम शिफारिस भई आएमा कार्यपालिकाले तोकिए वमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्ने छ ।

३) उपदफा ९२० बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१८

## कसूर, दण्ड जरिवाना तथा पुनराबेदन

७९. कसूर गरेको मानिने : कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ ।

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थांको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असूल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै संदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संस्थाको शेयर वा बचत रकम आफू खुसी परिचालन गरी संस्थालाई हानी नोक्सानी पुर्याएमा,

(छ) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम, विनियम विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रुपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढ़ी ऋण लिएमा वा दिएमा, स

(ठ) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ढ) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाइ अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेखे वा अर्को भिन्नै श्रेस्ता राखे जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितो स्वरुप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी संस्थालाई हानी नोक्सानी पुर्याउने कार्य गरे वा गराएमा,

(त) संस्थालाई हानी नोक्सानी पुर्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानी पुर्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै संस्था वा सोको सदस्य वा बचतकर्ता वा ती मध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा।

८०. सजायः (१) कसैले दफा ७९ को कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :-

(क) खण्ड (क), (ग), (ड) र (च) को कसूरमा एक बर्षसम्म कैद र एक लाख रुपैयासम्म जरिवाना,

(ख) खण्ड (ठ) को कसूरमा दुई बर्षसम्म कैद र दुई लाख रुपैंयासम्म जरिवाना,

(ग) खण्ड (ख) को कसूरमा विगो बराबरको रकम जरिवाना गरी तीन बर्ष सम्म कैद,

(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण) र (त) को कसूरमा विगो भराई विगो बमोजिम जरिवाना गरी देहाय बमोजिमको कैद हुनेछ :-

(१) दश लाख रुपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,

(२) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए दुई वर्ष देखि तीन वर्षसम्म कैद,

(३) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भए तीन वर्ष देखि चार वर्षसम्म कैद,

(४) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयासम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,

(५) दश करोड रुपैयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,

(६) एक अर्ब रुपैयाँभन्दा बढीजतिसुकै रुपैयाँ बिगो भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद,

(ङ) खण्ड (ढ) को कसूरमा दश बर्षसम्म कैद ।

(२) दफा ७९ को कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुर्याउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) दफा ७९ को कसूर गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुर्याउनु कुनै निकाय संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजाय हुनेछ ।

८१. जरिवाना हुने : (१) दफा ८७ बमोजिम कसैको उजूरी परी वा संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको

प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाखरु पैयासम्म जरिवाना गर्नेछ :-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग व्याज लिएमा,

(ख) संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा,

(ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पूँजीकोषको तोकिए बमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पूँजी कोषको दश गुणा भन्दा बढीहुने गरी बचत संकलन गरेमा,

(छ) शेयर पूँजीको पन्ध्र प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसंग कारोवार गरेमा,

(झ) संस्थाले यो ऐन विपरीत कृत्रिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा ।

(२) उपदफा (१) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिबेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरु आफू खुशी परिवर्तन गरेमा
(घ) कुनै संस्थाले दफा ६ को उपदफा (४) बमोजिमको तोकिएको शर्त पालन नगरेमा,
(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कार्य गरेमा ।
(३) उपदफा (१) वा (२) बमोजिमको जरिवाना गर्नु अघि दर्ता गर्ने अधिकारीले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्न कम्तीमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ ।
८२. रोक्का राख्ने : (१) दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई दफा ८१ बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पति तथा बैङ्क खाता रोक्का राखे तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोबार, सम्पति वा बैङ्क खाता रोक्का राखी सो को जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ ।
८३
८३. दोब्बर जरिवाना हुनेः (१) दफा ८१ बमोजिम जरिवाना भएको व्यक्ति वा संस्थाले पुनः सोही कसूर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई दर्ता गर्ने अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ ।
८४. अनुसन्धानको लागि लेखी पठाउन सक्ने : दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ७९ बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

८५. मुद्दासम्बन्धी व्यवस्थाः दफा ८० बमोजिम सजाय हुने कसूरको मुद्दा सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

८६. मुद्दा हेर्ने अधिकारीः दफा ८० बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा जिल्ला |अदालतबाट हुनेछ ।

८७. उजुरी दिने हद म्याद : (१) कसैले दफा ८० बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ ।

(२) कसैले दफा ८० बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिन भित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरीदिनु पर्नेछ ।

८८. पुनरावेदन गर्न सक्ने : (१) दफा ६ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ८८ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैतीस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णयउपर कार्यपालिकासमक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ८० बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछः

(क) दर्ता गर्ने अधिकारी र कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा,

(ख) नेपाल राष्ट्र बैङ्कले गरेको निर्णय उपरसम्बन्धित उच्च अदालतमा ।

८९. असुल उपर गरिने : यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

## परिच्छेद-१९
## विविध

९०. मताधिकारको प्रयोगः कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

९१. सामाजिक परीक्षण गराउन सक्ने : (१) संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टीको स्तर, सेवा प्राप्तिबाट संदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक क्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारणसभा समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारणसभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

९२. सहकारी शिक्षाः सहकारी क्षेत्रको प्रवर्धनको लागि विद्यालय तहको पाठ्यक्रममा आधारभूत सहकारी सम्वन्धी विषयवस्तुलाई समावेश गर्न सकिनेछ ।

९३. आर्थिक सहयोग गर्न नहुनेः संस्थाको रकमवाट समितिको निर्णय वमोजिम सदस्यहरुले आर्थिक सहयोग लिन सक्नेछन् तर सामाजिक कार्यकोलागि गैर सदस्य व्यक्ति वा संस्थाहरुलाई समेत आर्थिक सहयोग गर्न वाधा पर्ने छैन ।
स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि 'सामाजिक कार्य' भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रबर्द्धन सम्बन्धि कार्यलाई जनाउँछ ।

९४. अन्तर सहकारी कारोवार गर्न सक्नेः सक्नेछन् । संस्थाहरुले तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोवार गर्न

९५. ठेक्कापट्टा दिन नहुनेः संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुदैन ।

९६. सरकारी बाँकी सरह असूल उपर हुनेः कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

९७. कम्पनी संम्बन्धी प्रचलित ऐन लागू नहुने यस ऐन अन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुने छैन ।

९८. प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा नपर्ने यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा, पुर्याएको मानिने छैन ।

९९. सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालना गर्नुपर्नेः संस्थाले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी संघीय / प्रदेश कानुनमा भएका व्यवस्थाका साथै तत् सम्बन्धमा मन्त्रालयले जारी गरेको मानदण्ड र नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाइबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नुपर्नेछ ।

१००. नियम बनाउने अधिकारः यस ऐनको कार्यान्वयनकोलागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

१०१. मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्र बैङ्क, मन्त्रालय र सम्बन्धित अन्य निकायको पसमर्श लिन सकिनेछ ।

अनुसूची १

(दफा ५ को उपदफा १ सँग सम्बन्धित)

दर्ता दरखास्त फाराम

मिति : २०... । ...

श्री दर्ता गर्ने अधिकारी ज्यू ।

आमाछोदिङमो गाउँ कार्यपालिकाको कार्यालय

विषय : सहकारी संस्था दर्ता गरि पाउँ ।

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं। उद्देश्यअनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं।

संस्थासम्बन्धी विवरण

(क) प्रस्तावित संस्थाको नाम :-

(ख) ठेगाना :-

(ग) उद्देश्य :-

(घ) मुख्य कार्य :-

(ङ) कार्यक्षेत्रः-

(च) दायित्व :-

(छ) सदस्य सङ्ख्या :-

(१) महिला ... ... जना

(२) पुरुष जना

(ज) प्राप्त सेयर पुँजीको रकम :- रु.

आमाछोदिङमो स्थानीय राजपत्र

(झ) प्राप्त प्रवेश शुल्कको रकम :- रु.

सञ्चालक समितिका पदाधिकारी

अनुसूची २

(दफा ६ को उपदफा १ सँग सम्बन्धित)

संस्था दर्ता प्रमाण—पत्रको नमुना

....... गाउँनगर कार्यपालिकाको कार्यालय ........ ।

सहकारी दर्ता प्रमाण—पत्र

दर्ता नं.

आमाछोदिङमो गाउँपालिका सहकारी ऐन, २०७६ को दफा ... बमोजिम श्री ... ... ... ... ... ... ... ... ... ... ... ... लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण—पत्र प्रदान गरिएको छ ।

वर्गीकरणः ... ... ... ... ... ... ... ...

दर्ता गरेको मिति

दस्तखत

दर्ता गर्ने अधिकारीको नाम

कार्यालयको छाप

आमाछोदिङमो स्थानीय राजपत्र

(ऐनको दफा ५ ९क० बमोजिमको विनियमको ढाँचा)

अनुसूची- ३

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०७७। ६। १४

.......................... सहकारी संस्था लिमिटेडको विनियम .......

प्रस्तावनाः—

आर्थिक बिकासका लागी आबश्यक पर्ने श्रोत, साधन र सेवाहरु सरल र प्रभाबकारी ढंगमा स्थानीय स्तरसम्म पुऱ्याउनु बान्छनिय भएकोले सहकारी सिदान्त र आमाछोदिङमो सहकारी ऐन २०७६ बमोजिम यो संस्था स्थापना गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

९१) यस विनियमको नाम "...... सहकारी संस्था लि. को विनियम ..........रहेको छ ।

९२) यो विनियम गाउँपालिकामा संस्था दर्ता गरेपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. संस्थाको नाम र ठेगाना

९१) यस संस्थाको नाम "........... सहकारी संस्था लिमिटेड" रहनेछ र यसलाई अंग्रेजिमा .................... ऋय(यउभचबतष्खभ ीष्mष्तभम भनिने छ ।

९२) यस संस्थाको ठेगाना ................. । ठेगाना परिवर्तन भएमा ७ दिन भित्र दर्ता भएको कार्यालयमा सूचना दिईनेछ ।

३. कार्य क्षेत्र संस्थाको कार्यक्षेत्र ........ रहने छ । ( संस्था दर्ता गर्ने चरणमा बढिमा २ वटा वडाहरु मात्र )

४. परिभाषा

आमाछोदिङमो स्थानीय राजपत्र

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा

९क) "सदस्य" भन्नाले यस विनियम बमोजिम प्रवेश शुल्क तिरी शेयर खरिद गरी सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झिनु पर्नेछ ।

९ख) "शेयर" भन्नाले संस्थाको शेयर पुँजीको विभाजित सो वापत संस्थाबाट दिइएको हिस्सालाई सम्झनु पर्दछ ।

९ग) "शेयर प्रमाण पत्र" भन्नाले शेयर किन्ने ब्यक्तिलाई सो वापत संस्थाबाट दिइएको हिस्सालाई सम्झनु पर्दछ ।

९घ) "संचालक" भन्नाले यस विनियम बमोजिम निर्वाचित संस्थाका संचालकलाई सम्झनु पर्दछ र सो शव्दले अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सहसचिवलाई समेत जनाउने छ ।

९च) "ऋण" भन्नाले सदस्यले संस्थाको विनियमको अधिनमा रही शेयर लगानी बचत जम्मा रकम र सामुहिक जमानीमा किस्ताबन्दीका रुपमा बुझाउने गरि निश्चित अवधि र उद्देश्य प्राप्तिका लागि लिएको रकमलाई बुझाउछ । यस शब्दले अन्य संघ, संस्थाबाट भबिष्यमा फिर्ता बुझाउने गरी प्राप्त गरेको र प्रदान गरेको रकमलाई बुझाउछ ।

९छ) "समिति" भन्नाले संस्थाको संचालक समितिलाई सम्झनु पर्छ ।

९ज) "उप समिति" भन्नाले संस्थाद्धारा यस विनियम बमोजिम कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरिएको उप समिति समेतलाई सम्झनु पर्छ ।

९झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आमाछोदिङमो गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

९ञ) "ऐन" भन्नाले आमाछोदिङमो सहकारी ऐन, २०७६ सम्झनु पर्छ ।

९ट) "नियमावली" भन्नाले सहकारी नियमावली, २०४९ सम्झनु पर्छ ।

९ठ) "गाउँपालिका" भन्नाले आमाछोदिङमो गाउँपालिका सम्झनु पर्छ ।

९ड) "विनियम" भन्नाले ".............. सहकारी संस्था लि." को विनियम .......... सम्झनुपर्छ ।

आमाछोदिङमो स्थानीय राजपत्र

५. संस्था संगठित संस्था हुने

(१) संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(२) यसको सबै कामकाज प्रमाणित गर्नको लागि अनुसुचि १ मा उल्लेख गरिए अनुसार आफनै एउटा चिन्ह अंकित छाप रहनेछ ।

(३) यो छाप संचालक समितिबाट अधिकार प्राप्त व्यक्तिको जिम्मा रहनेछ ।

(४) संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न उपभोग गर्न र कुनै प्रकारले बन्दोवस्त गर्न सक्नेछ ।

(५) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस लाग्न सक्नेछ ।

## परिच्छेद — २
## सहकारी सिद्धान्त

६. सहकारीका सिद्धान्तहरु

अन्तराष्ट्रिय सहकारी महासंघ द्धारा पारित सहकारीको निम्न ७ सिद्धान्तहरु यस विनियमका अभिन्न अंग हुनेछन् ।

(१) ऐच्छिक तथा खुल्ला सदस्यता
(२) सदस्यद्धारा प्रजातान्त्रिक नियन्त्रण
(३) सदस्यहरुको आर्थिक सहभागीता
(४) स्वायतता तथा स्वतन्त्रता
(५) शिक्षा तालिम तथा सूचना
(६) सहकारी हरु विच सहयोग
७) समुदाय प्रति चासो

माथी उल्लेखित सहकारी सिद्धान्तहरुको उलंघन सहकारी ऐनको उलंघन सरह रहने छ ।

७. उद्देश्य

क)

ख)

ग)

घ)

ङ)

८. कार्य◌ः सं◌ंस्थाको विनियम ७ बमोजिम उद्देश्यहरु प्राप्त गर्न निम्न कार्यहरु गर्नेछ ।

१।   ''''''।।

२।   ''''''।

३।   ''''''

४।   ''''''

५।   अन्य कार्य

क) सहकारीताको बारे सदस्यहरुलाई चेतना जगाउने ।

ख) सहकारी शिक्षा कार्यक्रम संचालनका लागि व्यवस्था मिलाउने ।

ग) सहकारी मार्फत कृषि शिक्षा कार्यक्रम संचालन गर्नको लागि व्यवस्था मिलाउने ।

घ) संस्थाको कार्यक्षेत्र भित्र सामाजिक हित हुने काम गर्ने ।

ङ) अध्ययन तथा भ्रमणको व्यवस्था मिलाउने ।

च) आफ्ना सदस्यहरु बाट उचित ब्याज दिने गरी नियमित बचत, आबधिक तथा अन्य बचत संकलन गर्ने ।

छ) सदस्यबाट संकलित बचत रकम उदेश्य बमोजिम उत्पादनशिल काममा आफ्ना सदस्यहरुलाई सहुलियत ब्याजमा ऋण लगानी गर्ने ।

ज) माथी उल्लेखित उदेश्यहरु एवं आफ्ना सदस्यहरुको आर्थीक र सामाजिक बिकास गराउन अन्य कार्यहरु गर्ने ।

## परिच्छेद — ३
## सदस्यता

९.सदस्यता

१) एकै उद्देश्य एवं समान आयस्तर भएका र निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गरेको, आयबाट नियमित रुपले वचत गरी सहकारिताको भावनाले सदस्यहरुको जीवनस्तर र उनीहरुको आर्थिक—सामाजिक अवस्था सुधार गर्न सहयोग पुऱ्याउन इच्छुक व्यक्तिले संस्थाको सदस्य लिन इच्छा व्यक्त गरेमा विनियमको अधिनमा रहि त्यस्तो व्यक्तिलाई सदस्यता प्रदान गर्न सक्नेछ ।

२) संस्थाको सदस्यता लिनका लागि सञ्चालक समितिबाट निर्धारित गरेको , खरिद गर्ने शेयर रकम र प्रवेश शुल्क संकलन गरी तोकिएको ढांचा अनुसार सञ्चालक समिति समक्ष निवेदन दिनु पर्दछ । यस्तो निवेदन गर्न आएमा सञ्चालक समितिले संस्थाको सदस्यता दिने वा नदिने निर्णय गर्नेछ । सो समितिले सदस्यता नदिने निर्णय गरेमा साधारण सभामा निवेदन दिनु पर्नेछ र यस सम्बन्धमा साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

३) राजीनामा दिई संस्थाको सदस्यता समाप्त भएको सदस्यले पुनः सदस्यता प्राप्त गर्न चाहेमा संस्थाको सदस्यता समाप्त भएको मितिले एक वर्ष भित्र मात्र निवेदन दिन पाउनेछ ।

४) कम्तीमा एक शेयर खरिद गरेको ब्यक्ति सदस्य बन्न सक्ने छ ।

१० सदस्यको लागि योग्यता

सदस्यको लागि देहायमा उल्लेख भए बमोजिमका योग्यता हुनु पर्नेछ ।

१ (क) १८ बर्ष उमेर पुगेको व्यक्ति ।

९ख) संस्थाको कार्य क्षेत्रभित्र बसोबास गर्नुका साथै संस्थाको सेवा उपयोग गर्ने व्यक्ति ।

९ग) यस विनियमको पालना गर्न मञ्जुर गर्ने व्यक्ति ।

९घ) प्रचलित ऐन कानुनले अयोग्य नठहरिएको व्यक्ति ।

९ङ) मगज नबिग्रीएको ब्यक्ति ।

२ क) संस्थाका सदस्यवीच संस्थापक सदस्य,शेयर सदस्य र साधारण सदस्य भनी वर्गिकरण गरिने छैन ।

ख) संस्थाको नियमित बचत कर्ताको रुपमा सदस्य नभै ऋण लिने उद्देश्यले मात्र शेयर सदस्यता दिइने छैन

११. सदस्यता कायम नरहने

देहायमा उल्लेख भएका अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यता कायम रहने छैन ।

९क) मृत्यु भएमा ।

९ख) कानुनी रुपमा पागल वा असन्तुलित मस्तिष्क भएको प्रमाणित भएमा ।

९ग) फौजदारी अभियोगमा सजाय पाएमा ।

९घ) निजले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

९ङ) यस विनियममा व्यवस्था भए बमोजिम सदस्यताबाट निष्काशित भएमा ।

९च) संस्था टाट पल्टेमा वा विघटन भएमा ।

९छ) सदस्यताको लागि विनियमको दफा १० मा उल्लेखित योग्यता नरहेमा । तर माथि जेसुकै कुरा लेखिएको भएता पनि कुनै पनि सदस्यले संस्था बाट प्राप्त गरेको ऋण वा संस्था लाई तिर्नु पर्ने बाँकी वक्यौता भुक्तानी गर्न बाँकी रहेछ भने त्यस्ता सदस्यले संस्थाको सदस्यताबाट राजीनामा गर्न पाउने छैन

१२. सदस्यताबाट निष्काशन

१. देहायमा उल्लेख भए बमोजिमका अवस्थामा समितिको दुई तिहाई बहुमतबाट कुनै सदस्यलाई

सदस्यताबाट निष्काशन गर्न सकिनेछ ।

आमाछोदिङ्मो स्थानीय राजपत्र

१क) संस्थाको संचालन र प्रगतिमा हानि हुने कुनै किसिमको कार्य गरेमा वा संस्थाको रकम हिनामिना गरेमा ।

१ख) संस्थाको सिद्धान्त, नियम वा प्रतिष्ठामा आँच आउने कार्य गरेमा ।

२. (क) सदस्यलाइ निष्काशन गर्नु अघि संचालक समितिले सम्बन्धित सदस्यलाई आफुलाई लागेको आरोप सम्बन्धमा स्पष्टिकरण दिने र आरोप खण्डन गर्ने आवश्यक कागजात आदि प्रस्तुत गर्न कम्तिमा ३५ दिनको म्याद दिईनेछ । तर छानबिनको क्रममा समितिले कुल सदस्य संख्याको दुई तिहाई बहुमतको निर्णयले सम्बन्धित सदस्यलाई निलम्बन गरि संथाबाट कुनै खास सेवा वा सुबिधा उपलब्ध गर्न नपाउने गरी बढिमा १ बर्ष सम्म बन्देज लगाउन सकिनेछ ।

ख) उपदफा (१) र (२) अनुसारको निर्णय उपर चित्त नबुझेमा सदस्यले साधारण सभामा पुनराबेदन गर्न सक्ने छ र यस सम्बन्धमा साधारण सभाको बहुमतले गरेको निर्णय अन्तिम हुने छ

१३ प्रवेश शुल्क

विनियमको नियम ९ अनुसार निवेदन स्वीकार भएको अवस्थामा निवेदकले प्रवेश शुल्क रु.५० पछि फिर्ता  नहुने) बुझाउनु पर्नेछ ।

१४ दायित्व

१क) सदस्यको दायित्व आफुले लिएको शेयर रकमसम्म मात्र सीमित रहनेछ ।

१ख) संस्थाको विनियमको पालना गर्नु सम्पुर्ण सदस्यहरुको दायित्व हुनेछ ।

## परिच्छेद — ४
## शेयर पूँजी

१५ शेयर पूँजी

१क) संस्थाको पूँजी संकलनका लागि प्रति शेयर रु ...।— को शेयर जारी गरिनेछ ।

१ख) संस्थाको कुल जारी पूजि रु. ........ हुनेछ ।

१ग) संस्थाको कुल शेयर पँुजी रु........।— को .... प्रतिशतमा नबढाई सदस्यहरुको जतिसुकै पनि शेयर लिन सक्नेछन् ।

१घ) कूल सदस्य संख्यामा २५ मा नघटाई र विनियम १७ (ख) को प्रतिकूल नहुने गरी सदस्यहरुले आपसमा आ—आफ्नो शेयर खरीद बिक्री गर्न सक्नेछन् ।

ङ) संस्थाले सार्वजनिक रुपमा आव्हान गरि शेयर खरिद विक्रि गर्न पाउने छैन ।

१६. शेयरको प्रमाण पत्र

संस्थाले सदस्यहरुलाई शेयर लिए वापत संस्थाको छाप लागेको शेयर प्रमाण पत्र दिनेछ र सो प्रमाण पत्र हराएमा वा नासिएमा रु.....।— तिरी अर्को प्रमाण पत्र लिन सक्नेछ ।

१७ शेयरको हस्तान्तरण वा फिर्ता

१) कुनै सदस्यले आफ्नो पुरै वा आंशिक शेयर हस्तान्तरण गर्न चाहेमा संस्थाको सदस्य बन्न योग्यता पुगेको कुनै ब्यक्तिलाइ हस्तान्तरण गर्न सक्नेछ । तर हस्तान्तरण गर्न संचालक समितिको लिखित पूर्ब स्वीकृती आवश्यक पर्ने छ ।

१२) कुनै सदस्यको े राजीनामा स्वीकृती भएमा वा यसै बिनियममा ब्यबस्था भएअनुसार निष्काशित भएमा निजले लगानी गरेको शेयरको ५० प्रतिशत तत्काल र बाकी लेखापरीक्षण पछि मात्र क्षती पूर्ती वापत पाउनु पर्ने रकम समेत हर हिसाव गरी राजीनामा स्वीकृत भएपछि फिर्ता दिइनेछ ।

## परिच्छेद — ५
## बचत

१८. वचत निक्षेप

संस्थाको सदस्यता प्राप्त गरेको मिति देखि संस्थामा आफूले कबुल गरेको वचत किस्ताको भुक्तानी गर्नु पर्नेछ । यस्तो नियमित वचत किस्ता अग्रिम रुपमा पनि

आमाकोटडाँगा स्थानीय राजपत्र

जम्मा गर्न सकिनेछ । यस्तो वचत कारोवार शेयर सदस्य बिच मात्र गर्नसकिने छ।

१९. आवधिक निक्षेप

सदस्य वा संस्थाले आफ्नो सुविधा अनुसार १ वर्ष बढि समयका लागि जतिसुकै रकम पनि बचत खातामा जम्मा गर्न सक्नेछ ।

२०. रकमको हक

१क) संस्थामा जम्मा गरेको कुनै पनि प्रकारको रकम सदस्य जीवित रहुञ्जेल सम्म अरु कसैको हकदावी लाग्ने छैन ।

१ख) सदस्यको मञ्जुरी प्राप्त गर्ने व्यक्तिको हक सदस्य स्वयंको सरह हुनेछ ।

१ग) सदस्यको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिको मात्र हकदावी लाग्नेछ ।

१घ) सदस्यले इच्छाएको व्यक्तिको नाम निवेदनमा उल्लेख नगरेमा प्रचलित कानून बमोजिम हकदार कायम गरिनेछ ।

परिच्छेद — ६

ऋण

२१. ऋण लिने विधि

यस संस्थाको आफ्ूनै शेयर सदस्यहरुलाई ऋण लगानी गर्न सक्ने छ । सो लगानी गर्दा निम्न रीत पालना गर्नु पर्नै छ ।

ड्ड ऋण धितो राखि मात्र लगानि गरीने छ ।

ड्ड ऋणको अबधि मुल समितिबाट निर्धारण गरीने छ ।

ड्ड तिन सदस्यीय ऋण लगानी उपसमिति गठन गरीने छ । जसले ऋणको प्रयोग दुरुपयोग हेरी मुल्याङ्कन गर्ने छ ।

ड्ड ऋण लगानी गर्दा समितिका दुइजना पदाधिकारी जमानतमा बस्नु पर्ने छ ।

ङ्ग ऋणको ब्याज मुल समितिले निर्धारण गर्ने ।

तोकिएको मितिमा ऋण नतिर्ने ब्यक्तिलाइ समितिको राय अनुसार कारबाही हुनेछ ।

२२. ऋणको किसिम

समिति र ऋण उप—समितिले तर्जुमा गरेका ऋण नीतिको आधारमा साधारण सभाले समय समयमा ऋणको किसिम तोक्नेछ ।

२३. ऋण रकममा व्याज

विभिन्न उद्देश्यमूलक कार्यक्रम संचालनार्थ ऋणको किसिम अनुरुप तर्जुमा गरेको ऋण नीति र सोमा लाग्ने व्याज साधारण सभाले निर्धारण गरे अनुसार हुनेछ ।

२४. बिलम्ब शुल्क

ऋण निवेदनमा उल्लेख गरिएको उद्देश्य प्राप्ती एबं आफूले कबूल गरेको अन्तिम समयावधि भित्र किस्ता भुक्तानी नगरेमा ऋणीलाई लाग्ने विलम्व शुल्क ऋण नीतिमा उल्लेख भए बमोजिम हुनेछ ।

२५. बक्यौता असुल उपर गर्ने

परिच्छेद — ६ को नियम २४ बमोजिमको विलम्व शुल्क लागेको म्याद समाप्त भएको मितिसम्ममा पनि ऋण लिने सदस्यले ऋण भुक्तानी नगरेमा बाँकी ऋण रकममा लाग्ने व्याज र विलम्व शुल्क समेत निजको घरघरना ( जायजेथा ) बाट ३ महिनाभित्र सहकारी ऐन नियममा तोकिए बमोजिमको कार्यविधि अपनाई असुल उपर गर्नुपर्ने स्थिति पैदा भएमा सो वापत लाग्ने वा लागेको सम्पुर्ण रकम समेत निज व्यक्तिबाट असूल उपर गरिनेछ ।

२६. ऋण मिनाहा

संस्थाबाट लिएको रकम भुक्तानी नहुदै ऋण लिने सदस्यको भवितव्यमा परी मृत्यु भएमा संस्थाको स्थिति हेरी तिर्न बाँकी ऋण र व्याज राहत स्वरुप समिति, ऋण उप—समितिको संयुक्त वैठकको निर्णयानुसार रु.....।‘ सम्म मिनाहा गर्न सक्नेछ र यसरी मिनाहा गरिएको रकम साधारण सभामा जानकारी गराउनु

पर्नेछ तर सो भन्दा बढि ऋण, व्याज र हर्जाना लिनु परेमा साधारण सभाले गरेको निर्णय लागु गर्न सक्नेछ ।

परिच्छेद — ७

साधारण सभा

साधारण सभा भन्नाले वार्षिक साधारण सभा, विशेष साधारण सभा र प्रारम्भिक साधारण सभा समेतलाई जनाउदछ ।

२७. प्रारम्भिक साधारण सभा

१क) संस्था दर्ता भएको मितिले तीन महिना भित्र प्रारम्भिक साधारण सभा बोलाइनेछ ।

१ख) उपदफा (१) बमोजिम प्रारम्भिक सभा नबोलाएको अवस्थामा सम्बन्धित दर्ता निकायमा निवेदन दिन सक्नेछ र सहकारी ऐन, नियम अनुसार प्रारम्भिक सभा बोलाउन सक्नेछ ।

१ग) संस्थाको कुल सदस्य संख्याको ५१५ सदस्यहरुको उपस्थिति भएमा प्रारम्भिक सधारण सभा संचालन गर्न गणपुरक संख्या पुगेको ।

१घ) प्रारम्भिक साधारण सभाले देहायका कार्यहरु गर्नेछ '

१. सभाको सभापतिको निर्वाचन गर्ने ।

२. अघिल्लो दिनसम्मको संस्थाको काम कारवाहीको हरहिसावको जानकारी लिने ।

३. सभामा पेश भएको प्रारम्भिक प्रतिवेदन माथि छलफल गर्ने ।

४. विनियममा तोकिए बमोजिमको लेखा समिति र उप—समितिको निर्वाचन गर्ने ।

५. प्रथम बर्षको बजेट तथा कार्यक्रम अनुमोदन गर्ने ।

२८. साधारण सभा ( बार्षिक )

१क) संस्थाका सदस्यहरु मात्र सम्मिलित भएको एक साधारण सभा हुनेछ । यो सभा प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र बोलाउनु पर्नेछ ।

आमाक्लोडिङमा स्थानिय राजपत्र

यसै साधारण सभाबाट समिति, लेखा समिति र ऋण उप—समिति निर्वाचन गर्नेछ ।

९ख) सभा बोलाउने साधारण सभा गर्नका निमित्त कम्तिमा पन्ध्र (१५) दिन अगावै सभा हुने ठाँउ, मिति, समय र छलफल गर्ने विषय खोली सदस्यहरुलाई सूचना दिनु पर्नेछ ।

९ग) गणपुरक संख्या साधारण सभामा कुल संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा मात्र सभाको काम कारवाही शुरु हुनेछ । यदि केहि कारणवश गणपुरक संख्या पुरा नभएमा वैठक स्थगित हुनेछ र उक्त सभा सात दिनभित्र पुनः बोलाउनु पर्नेछ । यस पटक सभा बोलाउदा कूल सदस्य संख्याको २५ प्रतिशत संख्यामा मात्र सदस्यहरु उपस्थित भएमा पनि सभा हुनेछ ।

९घ) वार्षिक साधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्ने छ । र दुवैको अनुपस्थितिमा सदस्यहरुले आफु मध्येबाट छानेका सदस्यले सभाको सभापतित्व गर्नेछन् ।

९ङ) प्रस्तावका विषयमाथि छलफल गर्दा सभामा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिनेछ तर मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछन् ।

२९ साधारण सभाको काम कर्तव्य र अधिकार

१. साधारण सभाका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

९क) समिति र लेखासमितिको निर्वाचन र राजिनामा स्वीकृत गर्ने ।

९ख) विनियम संशोधन प्रस्ताब माथि छलफल गरी अनुमोदन गर्ने ।

९ग) हिसाब किताब र मिनाहा सम्बन्धमा विचार तथा अनुमोदन गर्ने ।

९घ) बजेट अनुमोदन गर्ने ।

९ङ) सदस्य निष्काशन सम्बन्धमा संचालक समितिले गरेको निर्णयको अनुमोदन गर्ने ।

९च) लेखा परीक्षक नियुक्ति गर्ने ।

१ज)	नियमित वचत, आवधिक निक्षेप, ऋणको किसिम र सो मा वितरण गरिने व्याजको प्रतिशत अनुमोदन गर्ने ।

१झ)	केन्द्रिय वा जिल्ला संघको प्रतिनिधित्व गर्ने सदस्यको निर्वाचन गर्ने ।

१ञ)	संस्थाको आर्थिक तथा प्रशासनिक नियम अनुमोदन गर्ने ।

१ट)	संचालक समिति वा व्यवस्थापकलाई अधिकार प्रत्यायोजन गर्ने,मार्ग निर्देशन दिने ,

१ठ)	अध्यक्षको राजिनामा स्वीकृत गर्ने

१ड)	गाउँपालकिाबाट अधिकार प्राप्त अधिकारीले संस्थामा गरेको निरीक्षण र सोधपुछ तथा प्रतिवेदन उपर छलफल गर्ने ।

२.	साधारण सभामा निर्णणहरुको अधिलेख अध्यक्षद्धारा प्रमाणित गराई सुरक्षित राख्नु पर्छ ।

३.	संस्था विघटन एकीकरण वा विभाजन गर्नुपर्ने भएमा गाउँपालिका सहकारी ऐनले तोके बमोजिम गरिनेछ ।

३०.	विशेष साधारण सभा

१क)	समितिले देहायको अवस्थामा विनियमको अधिनमा रही संस्थाको विशेष साधारण सभा बोलाउन सक्नेछ

१.क्रूल सदस्य संख्याको कम्तिमा २५ प्रतिशत सदस्यहरुले लिखितरुपमा अनुरोध गरेमा ।

२. संस्थाको हिसाव कितावको जाँचवुझ गर्दा कुनै कारणले विशेष साधारण सभा बोलाउन आवश्यक देखेमा त्यसको कारण खोलि लेखा समिति वा लेखापरीक्षेकले समिति समक्ष लिखित अनुरोध गरेमा ।

१ख)	यसरी सदस्यहरुले लिखित रुपमा अनुरोध गरे बमोजिमको अवस्थामा सभा बोलाउदा कुल सदस्य संख्याको ५० प्रतिशत सदस्य उपस्थित नभई सभाको कामकाज हुनेछैन । तर समितिले यस किसिमको सभा बोलाउदा वार्षिक

साधारण सभाको गणपुरक संख्या नै यस किसिमको सभाको पनि गणपुरक संख्या हुनेछ ।

## परिच्छेद — ८
## संचालक समिति

### ३१. संचालक समिति

संस्थामा .. जना सदस्य भएको एउटा संचालक समिति रहनेछ । साधारण सदस्यहरु मध्येबाट समितिको निर्वाचन प्रजातान्त्रिक प्रक्रिया अनुरुप गरिनेछ । जसमा १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, १ जना कोषाध्यक्ष, सचिव,सहसचिव र अन्य सदस्यहरु रहनेछन् ।

### ३२. संचालकहरुको कार्यकाल

संचालकहरुको पदावधि ५ वर्षको हुनेछ । तर यिनीहरु समितिमा पुनः निर्वाचत हुन सक्नेछन् । संचालक पद कुनै कारणबाट रिक्त भएमा सो पदको पुर्ति साधारण सदस्यहरु मध्येबाट बाँकी अवधिका लागि उपनिर्वाचन बाट पूर्ति गरिनेछ ।

### ३३. समितिको वैठक

९क) समितिको दुई  वैठक बिच ४५ दिन भन्दा अन्तर हुनुहुदैन । अध्यक्षको निर्देशानुसार तोकिएको मिति, स्थान र समयमा सचिवले बोलाउनेछ ।

९ख) अध्यक्ष एबं उपाध्यक्ष उपस्थित नभएको हकमा र गणपुरक संख्या ५१ प्रतिशत पुगेमा सदस्यहरुको बहुमतबाट छानिएको सदस्यले अध्यक्षता गरी छलफलका विषयमाथि निर्णय गर्न सक्नेछ ।

९ग) समितिको वैठकमा कुनै संचालक विना सूचना लगातार ३ पटकसम्म अनुपस्थित भएमा संचालक समितिले निजलाई पदबाट हटाउन सक्नेछ ।

### ३४. सपथ ग्रहण

समिति र अन्य समितिहरुमा निर्वाचित सदस्यहरुले अनुसूचि २ मा उल्लेख भए बमोजिमको शपथ ग्रहण साधारण सभा समक्ष गर्नुपर्नेछ ।

३५. संचालक पदमा नियूक्त हुन नसक्ने अवस्थाः

देहायका अवस्थामा कुनै पनि सदस्य संचालक पदमा निर्वाचित हुन सक्ने छैन ।

१ २१ वर्ष उमेर नपुगेको

२ पदावधी समाप्त भएमा

३ विनियमको नियम १० बमोजिम सदस्यता समाप्त भएमा

४ तिर्न बाँकी ऋण समयमा नतिरी भाखा नपाएको

५ समितिको कुनै सदस्य सोही संस्थाको कर्मचारी भई काम गरेमा

६ संस्थाको ठेक्कापट्टा वा कारोवारमा कुनै प्रकारको निजी स्वार्थ भएमा

७ संस्थाको सम्पति हिनामिना गर्ने

८ तोकिएको पूरै शेयर चुक्ता नगरेमा

९ अध्यक्ष वाहेक सदस्यहरुले अध्यक्ष समक्ष दिएको राजीनामा स्वीकृत भएमा र अध्यक्षको हकमा साधारण सभाले स्वीकृत गरेमा ।

१० एकाघर परिवारवाट १ जना भन्दा बढी व्यक्ति एकै अवधीमा एउटै संस्थाको सञ्चालकको पदमा वहाल रहने छैन

११ ऋणी सदस्य ऋण चुक्ता नगरेसम्म संस्थाको सञ्चालक र लेखा वा अन्य उपसमितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

३६. समितिको काम, कर्तव्य र अधिकार

सदस्यहरुको हितलाई ध्यानमा राखी समितिले निम्न लिखित अधिकार प्रयोग गर्नेछ

१ ऐन नियमहरु र विनियममा लेखिएको कुराहरु र साधारण सभा द्धारा समय समयमा गरिएका निर्णयहरुको अधिनमा रही संस्था को सम्पूर्ण काम कारोवारको प्रवन्ध अधिकारहरुको प्रयोग र कर्तव्यको पालना गर्ने ।

२ संस्थाको दैनिक कार्य संचालन गर्न व्यवस्थापकको नियूक्ती गर्ने ।

३ संस्थाको कर्मचारी हरुका नियुक्ती,सेवा शर्त,सरुवा,पदोन्नति ,निलम्वन ,बरखास्त तथा सेवा सुविधा र सजाय सम्वन्धि कर्मचारी प्रशासन नियम र आर्थिक कारोवार संचालनको लागि आर्थिक प्रशासन नियम बनाई साधारण सभामा स्वीकृतिको लागी पेश गर्ने र दर्ताको लागि रजिष्ट्रार समक्ष पेश गर्ने ।

४ विनियममा भएको ब्यबस्था बमोजिम अध्यक्ष बाहेक कुनै संचालक वा साधारण सभाको सदस्यले राजीनामा दिएमा सो स्वीकृत गर्ने ।

५ संस्थाको वार्षिक कार्यक्रम तथा आम्दानी खर्चको विवरण तयार गरी स्वीकृति का लागि साधारण सभामा पेश गर्ने ।

६ स्वीकृत कार्यक्रम तथा वजेट कार्यान्वयन गर्ने ।

७ वार्षिक लेखा परिक्षण गराई सोको प्रतिवेदन साधारण सभामा पेश गर्ने ।

८ उपदफा ३ को स्वीकृत कर्मचारी प्रशासन नियमको अधिनमा र कर्मचारीहरुको नियूक्ति सरुवा, वढुवा, खोसुवा, निलम्वन, दण्ड, सजाय र पुरस्कारको व्यवस्था गर्ने ।

९ संस्थाको कोषको सुरक्षा तथा आर्थिक कारोवार माथि नियन्त्रण गर्ने सो को व्यवस्था मिलाउने ।

१० विनियममा व्यवस्था भए बमोजिम प्रक्रिया अपनाई साधारण सभा बोलाउने ।

११ साधारण सभाबाट भएका निर्णयहरुको कार्यान्वयन गर्ने

१२ संस्थाको चल अचल सम्पति खरीद , विक्री गर्ने वा प्राप्त गर्ने र हस्तान्तरण गर्ने ।

१३ संस्थाको कार्यहरु सुचारु रूपले संचालन गर्न आवश्यकतानुसार उपसमितिहरु तथा सल्लाहकार समिति गठन गर्ने

आमाछोदिङ्मो स्थानीय राजपत्र

१४ संस्थाको दैनिक कार्य सञ्चालन गर्न र अन्य विशेष काम गर्न नियूक्त व्यवस्थापक तथा उपदफा १३ बमोजिम गठन हुने उपसमिति वा समिति को कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने

१५ यस विनियममा उल्लेख भएका उद्देश्य प्राप्तीका लागि आवश्यक सवै कार्य गर्ने ।

१६ संस्थाको बचत तथा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी सञ्चालकहरुको हुनेछ ।

१७ संचालक समिति, लेखासमितिका पदाधिकारी लगायत सदस्यहरु अवैतनिक हुनेछन् । तर बैठक भत्ता एवम् बिशेष कार्यक्रमका लागी दिइने भत्ता लिन बाधा पर्ने छैन ।

३७. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

संस्थाको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

९क) अध्यक्षको काम, कर्तव्य र अधिकार

१। साधारण सभाको अधिवेशन तथा समितिको वैठकको अध्यक्षता गर्ने,

२। संस्थाको चलअचल सम्पतिको रेखदेख, संरक्षण र नियन्त्रण गर्ने गराउने,

३। पदाधिकारीहरु तथा सदस्यहरुको कामको बाँडफाँड गर्ने, निर्देशन दिने र राजीनामा स्वीकृत गर्ने,

४। संस्थाको काम कार्वाहीको सम्वन्धमा आवश्यकता अनुसार अन्य संघ—संस्था वा निकायमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने गराउने,

५। साधारण सभा तथा समितिको वैठकमा कुनै विषयमा मतदान भै मत वरावर भएमा निर्णायक मत दिने,

६। संस्थाको कुनै काम कारवाहीको सम्वन्धमा आवश्यकतानुसार जाँचवुझ, निरीक्षण गर्ने गराउने,

७। संस्थालाई नेतृत्व प्रदान गर्ने, र यसका लागि सदैव सक्रिय रहने,

आमाछोदिङमो स्थानीय राजपत्र

८।	संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य सम्पुर्ण कार्य गर्ने गराउने

९।	प्रबन्धकको नियूक्ती नभएको अबस्थामा निम्न कार्यहरु गर्ने गराउने।

१०।	आर्थीक कारोबार संचालन , रेखदेख , नियन्त्रण र ब्याख्या गर्ने तथा निर्देशन दिने ।

११।	नियमाअनुसार लेखा पुस्तिका दुरुस्त राख्ने, राख्न लगाउने ।

१२।	साधारण सभा तथा समितीले मागको बेला संस्थाको दैनिक कारोबार संग संम्बन्धित बिबरण हरु उपलब्ध गर्ने गराउने ।

१३।	साधारण सभा तथा समिती समक्ष आर्थीक प्रतीबेदन एवं आगामी आर्थीक बजेट पेश गर्ने ।

१४।	संस्थाको कोष बृद्धि गर्ने तर्फ प्रयत्नशिल हुने र आन्तरीक एवं लेखा परिक्षण कार्यमा सहयोग गर्ने ।

९ख)	उपाध्यक्षको काम, कर्तव्य र अधिकार

१.	अध्यक्षको काममा सहयोग पुर्याउने,

२.	अध्यक्षले लिखित रुपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरु गर्ने,

३.	अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पुर्ण कार्यहरु गर्ने ।

९ङ)	सदस्यहरुको काम, कर्तव्य र अधिकार

९१) समितिको बैठकमा उपस्थित भइ निर्णय प्रक्रियामा सहभागी हुने

९२) समितिले गरेका निर्णयहरु पालना गर्ने गराउने

९३) बैठकले दिएको जिम्मेवारी वहन गर्ने

९४) बैठकमा सुझाव सल्लाह व्यक्त गर्ने

९५) संस्था द्धारा संचालित क्रियाकलापहरुको अनुगमन मूल्यांकन गर्ने ।

३८ लेखा समिति

साधारण सभाद्धारा एकजना संयोजक र दुई जना सदस्य भएको ३ जनाको लेखा समिति गठन हुनेछ ।

आमाखोलेटोगा स्थानीय राजपत्र

३९ लेखा समितिको वैठक

लेखा समितिको वैठक कम्तिमा महिना १  पटक बस्नेछ । वैठक बोलाउने अधिकार अध्यक्षलाई हुनेछ ।

४०. लेखा समितिको काम, कर्तव्य र अधिकार

१ संस्थाको लेखा सम्वन्धि हिसाब किताबको जाँच सोही संस्थाको आन्तरिक लेखा परीक्षण शाखाबाट गराउने । तर आन्तरिक लेखा शाखा नभएमा कर्मचारी वा सदस्यबाट गर्ने गराउने ।

२ आन्तरिक लेखा परीक्षणबाट औंल्यायका त्रुटी तथा समस्याहरु र सुझाव हरुबारे अध्ययन गरी सो को सुधार गर्न समिति मार्फत कारबाही चलाउने ।

३ साधारण सभामा लेखा सम्वन्धि वार्षिक प्रतिवेदन पेश गर्ने र सो प्रतिवेदन मा खातापाता लेखा सम्वन्धि अभिलेख आर्थिक अनुशासन,हिनामिना , पेश्की आदिवारे उल्लेख गर्ने ।

४ विशेष साधारण सभा बोलाउनु पर्ने ठोस कारण समेत खोली संचालक समिति समक्ष सुझाव पेश गर्ने

४१. पदावधि

लेखा समितिको पदावधि संचालक समितिको सरह नै हुनेछ । नयाँ समितिको गठन नहुञ्जेलसम्मका लागि पुरानै समितिले कामकाज चलाउनेछ र पुनः निर्वाचित हुन सक्नेछ ।

## परिच्छेद — ९

## उपसमिति

संस्थाले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

४२. ऋण उपसमिति

क) यस उपसमितिमा तीन जना सदस्य रहनेछन् । समितिका अध्यक्ष लगायत सम्पुर्ण संचालक मध्येबाट समितिले तोकेको एक जना यस समितिको संयोजक हुनेछ । बाँकी दुईजना सदस्यहरु साधारण सभाबाट चुनिने छन्  ।

आमाछोरिहरुमा स्थानीय राजपत्र

ख) संस्थाले ऋण उपसमितिको सिफारिसमा ऋण लगानी गर्ने र ऋण लगानी उपसमितिले आफ्नो सिफारिसको जिम्मेवारी वहन गर्नु पर्नेछ ।

४३ ऋण उपसमितिको वैठक

आवश्यकतानुसार जुनसुकै बेलापनि ऋण उपसमितिको वैठक बस्न सक्नेछ । संयोजकले वैठक बोलाउनेछ ।

४४ ऋण उपसमितिको काम, कर्तव्य र अधिकार

९क) समितिको निर्धारण गरेको नीति माथि साधारण सभाबाट पारित गरेको यस विनियमको अधिनमा रही सदस्यहरुबाट पेश हुन आएका ऋण निकासाको लागि सिफारिश गर्ने,

९ख) धेरै ऋण निवेदन परी संस्थामा नगद मौज्दात कम भएमा ऋण मागको प्रकृति, सानो रकम र निवेदन दिएको मिति आदिलाई ध्यानमा राखी ऋण निवेदन माथि शीघ्र कारवाही गर्ने ।

९ग) ऋण चुक्ता भयो भएन यस सम्वन्धमा सुक्ष्म दृष्टि पुऱ्याउने,

९घ) ऋणीद्धारा राखिएका धितोपत्रहरुको निरीक्षण गर्ने,

९ङ) ऋणीले लिएको ऋण चुक्ता गर्न ढिलो वा टार्ने गरेमा यस सम्वन्धमा निगरानी गर्ने र आवश्यक कारवाहीका लागि समिति समक्ष पेश गर्ने ।

४५. शिक्षा उपसमिति

समितिले एक जना संयोजक र दुई जना सदस्य रहने गरी ३ जनाको एउटा शिक्षा उपसमिति गठन गर्न सक्नेछ । तर यसरी गठन भएको अवस्थामा संयोजक वाहेक अन्य पदाधिकारीहरु साधारण सदस्यहरुबाट लिन सकिनेछ ।

४६ शिक्षा उपसमितिको वैठक

शिक्षा उपसमितिको वैठक कम्तीमा पनि वर्षको ४ पटक वस्न सक्नेछ । वैठक आवश्यकतानुसार बोलाउने अधिकार संयोजकलाई हुनेछ ।

४७. शिक्षा उपसमितिको काम, कर्तव्य र अधिकार

१क) संस्थाको सिद्धान्त र दर्शनका सम्वन्धमा सदस्यहरुलाई ज्ञान दिलाउनका लागि शिक्षा कक्षाहरु संचालन गर्ने ।

१ख) संस्थाको सदस्य भएमा के—कस्तो फाइदा हुन्छ भन्ने सदस्य वा गैर सदस्यहरुलाई जानकारी दिने ।

१ग) संस्थामा सकेसम्म नयाँ सदस्यहरु सामेल गराउन प्रयत्नशील रहने ।

१घ) आगामी वैठकमा उपसमितिको कारवाही सम्वन्धि प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

४८ पदावधि

दफा ४५ र ४८ मा उल्लेखित उपसमितिहरुको पदावधि समितिको पदावधि सरह नै रहनेछ नयाँ उपसमितिको गठन नहुञ्जेलसम्मका लागि पुरानै उपसमितिले कामकाज चलाउनेछ र पुनः निर्वाचन हुन सक्नेछ ।

४९ महिला उपसमिति

समितिले एक जना संयोजक र दुई जना सदस्य रहने गरी ३ जनाको एउटा महिला उपसमिति गठन गर्न सक्नेछ । तर यसरी गठन भएको अवस्थामा संयोजक वाहेक अन्य पदाधिकारीहरु साधारण सदस्यहरुबाट लिन सकिनेछ ।

५० महिला उपसमितिको वैठक

शिक्षा उपसमितिको वैठक कम्तीमा पनि ४ पटक वस्न सक्नेछ । वैठक आवश्यकतानुसार बोलाउने अधिकार अध्यक्षलाई हुनेछ ।

५१ महिला उपसमितिको काम, कर्तव्य र अधिकार

१क) संस्थाको सिद्धान्त र दर्शनका सम्वन्धमा सदस्यहरुलाई ज्ञान दिलाउनका लागि महिला शिक्षा कक्षाहरुका संचालन गर्ने ।

१ख) संस्थाको सदस्य भएमा के—कस्तो फाइदा हुन्छ भन्ने सदस्य वा गैर सदस्यहरुलाई जानकारी दिने ।

१ग) संस्थामा सकेसम्म नयाँ सदस्यहरु सामेल गराउने प्रयत्नशील रहने ।

१घ) आगामी वैठकमा उपसमितिको कार्यवाही सम्वन्धि प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

५२. पदावधि

दफा ४५ र ४८ मा उल्लेखित उपसमितिहरुको पदावधि समितिको पदावधि सरह नै रहनेछ नयाँ उपसमितिको गठन नहुञ्जेलसम्मका लागि पुरानै उपसमितिले कामकाज चलाउनेछ र पुनः निर्वाचन हुन सक्नेछ ।

## परिच्छेद—१०
## वित्तीय व्यवस्था

५३ संस्थाले राख्नु पर्ने वहीखाता एबं दर्ता किताव

१क) सदस्य दर्ता किताव,

१ख) प्रारम्भिक साधारण सभा, विशेष साधारण सभा, समिति र उपसमितिहरुको छुट्टाछुट्टै निर्णय पुस्तिकाहरु,

१ग) नगद बहीखाता,

१घ) संस्थाले अरु कुनै व्यक्ति वा संघ—संस्थासंग कुनै कारोवार गरेका भए सो कारोवार देखाउने किताव,

१ङ) शेयर दर्ता किताव,

१च) ऋण लेनदेन गरेको दर्ता किताव,

१छ) बेरुजु एवं सुपरिक्षण किताब,

१ज) व्यक्तिगत खाता,

१झ) सदस्यहरुको व्यक्तिगत वचत खाता,

१ञ) जिन्सी दर्ता किताब,

१ट) आम्दानी, खर्च, सम्पति र दायित्व देखिने खाताहरु,

१ठ) समय—समयमा रजिष्ट्रारले तोकिएको अन्य अभिलेख एवं खाताहरु ।

५४ आर्थिक वर्ष

९क) संस्थाको आर्थिक वर्ष श्रावण १ गतेदेखि शुरु भई आगामि वर्षको आषाढ मसान्तमा समाप्त हुनेछ ।

९ख) समितिले संस्थाको आर्थिक विवरण प्रमाणित गरी आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र साधारण सभामा पेश गर्नुपर्नेछ ।

५५. कोषको व्यवस्था (१) संस्थामा देहाय बमोजिमको कोषको व्यवस्था निम्न श्रोतहरुबाट गरिने छ

क) शेयर

ख) प्रवेश शुल्क

ग) सदस्यहरुबाट संकलित निक्षेप

घ) वित्तिय निकायहरुबाट प्राप्त हुने ऋण

ङ) सदस्य र अन्य श्रोतबाट प्राप्त हुने ऋण

च) कारोबारबाट प्राप्त हुने बचत

छ) दान दातव्य

ज) अन्य निकायबाट प्राप्त हुने सहयोग वा अनुदान ।

९२) नियम (१) बमोजिमको कोषको रकम विनियममा व्यवस्था भए बमोजिमको कार्यमा खर्च गरिनेछ ।

९३) संस्थाले विदेशी सरकार तथा अन्तराष्ट्रिय गैर सरकारी संघ—संस्थाबाट ऋण वा अनुदान रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पुर्व स्वीकृति लिनु पर्नेछ ।

९४) नियम (१) वमोजिम संस्थालाई प्राप्त हुने सबै रकम समितिले निर्णय गरि वैंकहरुमा संस्थाको नाममा आवश्यक खाता (चल्ती, वचत, मुद्दति) खोलि जम्मा गरिनेछ ।

९५) नियम (१) वमोजिमको कोषको खाताको संचालन, समितिले तोकेको संचालक हरु र व्यवस्थापक भएको संस्थाको हकमा व्यवस्थापक को संयुक्त दस्तखत बाट हुनेछ ।

आमाछोदिङ्मो स्थानीय राजपत्र

५६. कोषको प्रयोगः कोषको उपयोग निम्न अनुसार गर्न सकिनेछ

१ विनियममा उल्लेख भए बमोजिम संस्थाको स्वीकृत योजना अनुसार कार्यक्रम वा व्यवसाय संचालन गर्ने,

२ स्वीकृत योजना अनुसारको कार्य गर्नको लागि आवश्यक स्थिर सम्पति खरिद गर्ने ,

३ कुनै संघ,संस्था वा बैंकको शेयर खरिद गर्ने ,

४ ऋणपत्र खरिद गर्ने,

५ कुनै बैंकको वचत वा खातामा जम्मा गर्ने ,

६. सदस्यहरुको लागि तालिम,शिक्षा,सामाजिक तथा सांस्कृतिक कार्यक्रममा खर्च गर्ने ।

५७ जगेडा कोष

जगेडा कोष देहायका सबैलाई मिलाएर बन्नेछ ।

१क) प्रत्येक आर्थिक वर्ष श्रावण १ देखि आषाढ मसान्त सम्मको कोषले गरेको कारोवारको हिसाव जाँच भएपछि खुद वचत (मुनाफा) को कम्तिमा २५ प्रतिशत छुट्याएको रकम,

५८. खुद बचतको बाँड फाँडः

१क) खुद मुनाफाको २५ प्रतिशत जगेडा कोषमा छुट्याई बाँकी रकम आएको रकमलाई १०० प्रतिशत मानी सो मध्येबाट दहायका कोषहरु खडा गरिनेछ ।

| | | |
|---|---|---|
| १. | शेयर लाभँश कोष | २० प्रतिशत |
| २. | संरक्षित पुँजी फिर्ता कोष | ३० प्रतिशत |
| ३. | कर्मचारी वोनस कोष | १० प्रतिशत |
| ४. | घाटा पुर्ति कोष | ५ प्रतिशत |
| ५. | सदस्य शिक्षा कोष | २० प्रतिशत |
| ६. | डुवन्त ऋण कोष | ५ प्रतिशत |
| ७. | संस्था विकास कोष | १० प्रतिशत |

९ख) शेयर लाभांश कोषबाट वितरण गर्दा शेयर पूँजीे १५ प्रतिशत भन्दा वढि नहुने गरी वितरण गर्नुपर्नेछ ।

ग. कर्मचारी वोनस कोषको अधिकतम् हद दुई महिनाको तलव बरावर भन्दा वढि वितरण गरिने छैन ।

घ. शेयर लाभांश कोष, संरक्षित पु“जी कोष र वोनस कोषबाट वितरण भई बा“ँकी हुन आउने रकम जगेडा कोषमा जम्मा गरिनेछ ।

५९ कोषको सुरक्षा

व्यवस्थापकको जिम्मामा समितिले तोकेको रकमको कोष रहनेछ । त्यसभन्दा वढी रकम जम्मा हुन आएमा संस्थाको नाममा समितिले तोकेको वैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ । कोषको खाता समितिले तोकेको संचालक र व्यवस्थापकको संयुक्त दस्तखतबाट संचालन हुनेछ । कोषको सुरक्षा एवं सदस्यहरुमा आत्मविश्वास विकास गर्नका लागि संस्थाले ख्याति प्राप्त वीमा कम्पनीमा आवश्यकता अनुसार सदस्यहरुको शेयर, वचत र ऋण लगानी जस्ता पक्षको संरक्षण वीमाको व्यवस्था गर्न सक्नेछ

६०. खाता हेर्न पाउने

संस्थाको खाताहरु सदस्यले हेर्न चाहेमा जुनसुकै वखत पनि उपलव्ध हुनेछ । तर व्यक्तिगत वचत खाता सम्वन्धित व्यक्तिले मात्र हेर्न सक्नेछ । सम्बन्धीत दर्ता कार्यालयबाट खटीई आउने कर्मचारी र विषयगत संघका प्रतिनिधीले जुनसुकै बखत पनि हेर्न सक्नेछन ।

## परिच्छेद ११
## व्यवस्थापन

६१ व्यवस्थापन

संस्था सक्षम भई संस्थाको व्यवस्थपनलाई स्वस्थ एवं प्रभावकारी रुपमा अघि बढाउनका लागि व्यवस्थापक एवं अन्य कर्मचारीहरुको योग्यता, छनौट, नियुक्ति, तलव निर्धारण र अन्य सुविधाहरु र सरुवा बढुवा सम्वन्धी व्यवस्था संस्थाको

आमाकोशिक्मी स्थानीय राजपत्र

प्रशासनिक नियमावली साधारण सभाबाट अनुमोदन गराई लागू गर्नेछ । कुनै कारणवश व्यवस्थापक नियुक्ति हुन नसकेमा समितिको निर्देशनको आधारमा प्रवन्धकीय कर्मचारीको रुपमा संस्थाको अध्यक्ष ,उपाध्यक्ष,सदस्यहरुले काम गर्नेछ ।

६२. प्रवन्धकको काम, कर्तव्य र अधिकार

१क) संस्थाको आर्थिक तथा प्रशासनिक कार्यको पुर्ण जिम्मेवारी वहन गरी संचालक समितिलाई सहयोग गर्ने,

१ख) संस्थाको सदस्यता आवेदन फारामहरु संकलन एवं विवरण तयार गरी समितिमा प्रस्तुत गर्ने र आवश्यक सूचनाहरु उपलव्ध गराउने,

१ग) साधारण सभा, समितिका सबै वैठकहरुमा भाग लिने र निर्णय लिने कामका लागि सदस्यहरुलाई आवश्यक सूचना उपलव्ध गराउने,

१घ) वार्षिक योजना तथा वजेट तयार गरी समिति समक्ष पेश गर्ने,

१ङ) समिति र साधारण सभाका वैठकहरुको विषयसूची तयार गर्ने,

१च) संस्थाका सदस्यहरुलाई शैक्षिक एवं तालिम कार्यक्रमहरुको योजना बनाई शिक्षा उपसमिति मार्फत संचालन गर्न सहयोग पुऱ्याउने,

१छ) संस्थाका सबै कर्मचारीहरुका काम कार्यवाही हरु सूचारु रुपमा संचालन गराउने र कर्मचारी वीच समन्वय गर्ने,

१ज) समितिले तोकेका कामहरु गर्ने, गराउने,

१झ) समिति प्रति उत्तरदायी हुने,

१ञ) जनसम्पर्कका अन्य कार्यहरु गर्ने, गराउने,

१ट) संस्थाको चौमासिक, अर्धबार्षिक र वार्षिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा डिभिजन सहकारी कार्यालयमा पठाउने ।

१ठ) संस्थाको कोषमा वृद्धि गर्ने तर्फ प्रयत्नशील हुने ।

१ड) आन्तरीक एवं अन्तिम लेखापरीक्षण कार्यमा सहयोग गर्ने ।

९ढ) ऋण उपसमिति, शिक्ष उपसमितिलाई कार्यक्रम सम्बन्धि ठोस सुझव र समन्वय राख्ने ।

९ण) संस्थाको हित तथा उद्देश्य प्राप्तिको लागि आवश्यक अन्य काम गर्ने गराउने ।

९त) संस्थाको चल अचल सम्पतिको रेखदेख ,संरक्षण, सम्वर्धन, र नियन्त्रण गर्ने ।

९थ) आर्थिक कारोवारको संचालन , रेखदेख, नियन्त्रण र निर्देशन गर्ने ।

९द) साधरण सभा र समितिवाट निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

९ध) अध्यक्ष्यले ताकेको अन्य काम गर्ने गराउने ।

९न) साधारण सभा तथा समितिले मागेका वखत संस्थाको दैनिक कारोवारसगै सम्बन्धित विवरण उपलब्ध गराउने ।

## परिच्छेद—१२
## विविध

६३. लेखापरीक्षण (हिसाव जाँच)

संस्थाले प्रत्येक वर्षको हिसाव—कितावको लेखा परीक्षण आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र साधारण सभाले नियुक्त गरेको रजिष्टर्ड लेखापरीक्षक बाट रजिष्ट्रारको स्वीकृति लिएर गराउने । लेखापरीक्षण सम्वन्धी प्रतिवेदन लेखापरीक्षकले वार्षिक साधारण सभामा प्रस्तुत गर्ने छ । लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोक्नेछ र एउटै लेखा परीक्षकलाई लगातार तीन पटक भन्दा वढि नियुक्ति गर्न सकिने छैन ।

६४ हकवालाको मनोनयन

९क) संस्थाको सदस्यता आवेदन फाराममा हकवाला मनोनयन गर्नुपर्नेछ । हकवाला मनोनयन गर्दा कम्तिमा २ जना संस्थाको सदस्यहरुको रोहवरमा लिखित गरी गरिनेछ र त्यस्तो लिखित मनोनित गर्ने सदस्यको सहीछाप र साक्षीहरु लगायत हकवालाको समेत सहीछाप गरेको हुनेछ ।

आमाखोलिङमो स्थानीय राजपत्र

१ख) उपदफा (१) बमोजिम हकवाला मनोनित गर्ने सदस्यले एक भन्दा वढि शेयर नलिएको अवस्थामा एउटा व्यक्तिलाई मात्र हकवाला मनोनित गर्नुपर्नेछ ।

१ग) कुनै सदस्यले उपदफा (२) को अधिनमा रही एक भन्दा वढि व्यक्तिहरुलाई मनोनित गरेकोमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर र हकको दामासाही, स्पष्ट रुपले लिखतमा खुलाउनु पर्नेछ । अन्यथा प्रचलित कानून अनुसार हुनेछ ।

६५ हकदावी वा नामसारी

१क) कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने कुनै प्रकारको वचत रकम निजले उप नियमको दफा ७० बमोजिम मनोनित गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्ता हकवाला नभए प्रचलित कानुन बमोजिमको हकवालाको नाममा सदस्यताको लागि योग्य भएमा वा इच्छा गरेमा नामसारी गर्न सकिनेछ । तर त्यस्तो हकवालामा सदस्यता प्राप्त गर्नका लागि विनियममा तोकिएको योग्यता नभएमा सदस्यको मृत्यु भएको मितिले ६ महिनाभित्र सदस्यताको लागि योग्य अरु कुनै हकवालाको नाममा नामसारी गरी पाऊँ भनि लिखित दरखास्त सहित निबेदन दिन सक्नेछ र त्यस्तोमा सो हकवालाको नाममा नामसारी गरी दिन सक्नेछ ।

१ख) उपदफा (१) बमोजिम मृत सदस्यको हक हकवालाले नामसारी गराई लिन चाहेमा निजले पाउने शेयर र वचत रकम त्यस्तो हकवाला लाई फिर्ता गरिदिनेछ ।

१ग) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि मृत सदस्यको हकवाला नावालक रहेमा वा निजको मानसिक सन्तुलन ठीक नरहेमा मृत सदस्यले पाउने सम्पूर्ण रकम कम्तिमा दुईजना साक्षीको रोहवरमा त्यस्तो हकवालाको संरक्षक लाई फिर्ता गरिनेछ ।

९घ) कुनै पनि सदस्यले संस्था छोड्न चाहेमा ३ महिना अगावै जानकारी गराउनुपर्नेछ र ऋण लगानीमा जमानी वसेको हुनु हुंदैन ।

६६ निर्वाचन

संस्थाको विनियमको अधिनमा रही समिति, लेखा समिति एवं अन्य उपसमितिहरुको निर्वाचन गर्न एउटा निर्वाचन समिति गठन गर्नेछ । जसमा संचालक समितिले तोकेको व्यक्तिको संयोजकत्वमा साधारण सदस्यहरु मध्ये १ जना सदस्य, सम्बन्धीत जिल्ला सहकारी कार्यालयको प्रतिनिधि वा बिषयगत संघ को प्रतिनिधि एक रहने गरी जम्मा तीन जनाको निर्वाचन मण्डल गठन हुनेछ । जसले संस्थाको नियामानुसार निर्वाचन प्रक्रिया अपनाई निर्वाचन कार्य सम्पादन गर्नेछ ।

६७.व्याख्या गर्ने अधिकार

यस विनियमको व्याख्या गर्ने अधिकार साधारण सभालाई हुनेछ । साधारण सभाबाट पनि सुल्झिन नसकेमा सहकारी ऐन, नियम बमोजिम हुनेछ ।

६८ मध्यस्थता सम्वन्धी व्यवस्था

संस्थाको विकास उद्देश्य प्राप्ति एवं कुनै प्रकारको विवाद समाधान गर्ने कार्यमा संस्था दर्ता गर्ने निकाय आवश्यकतानुसार मध्यस्थता संयुक्त सहयोगको व्यवस्थाका लागि अनुरोध गर्न सक्नेछ ।

९१) संस्थाको लेनदेन कारेवारको सम्बन्धमा देहाय बमोजिमका पक्षहरुका बिचमा विवाद उठेमा सो को निर्णयको लागि गाउँपालिका कार्यालयलाई सुम्पन सक्नेछ ।

क) संस्था र जिल्ला सहकारी संघ वा राष्ट्रिय सहकारी संघ बिच ।

ख) संस्था र आफ्ना कर्मचारी बीच ।

ग) संस्था र सञ्चालक समिति वा सञ्चालक ।

घ) सञ्चालक समिति र सदस्यहरु बीच ।

ओमसतिया गाउँपालिका स्थानीय राजपत्र

१२) उप—दफा (२) बमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई संस्था, सञ्चालक समिति, सञ्चालक, सदस्य, सम्बन्धित कर्मचारीले विवाद सुम्पन सक्नेछ ।

१३) क) उप दफा (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई सुम्पिएको विवाद निर्णय गर्न दुई पक्ष मध्ये प्रत्येक पक्षको एक—एक गरि जम्मा ३ जना मध्यस्थकर्ता मनोनित गर्नुपर्ने छ ।

ख) प्रमुख प्रशासकीय अधिकृतद्धारा मनोनित मध्यस्थ कर्ताले अध्यक्षता गर्ने छ । मध्यस्थकर्ता हरुको विवाद बहुमत बाट समाधान हुने छ ।

१४) प्रमुख प्रशासकीय अधिकृतद्धारा मनोनित मध्यस्थकर्ता लाई प्रत्येक पक्षका मध्यस्थकर्तालाई लिखत कागज पत्र, बहीखाता आदी जुनसुकै प्रमाणको कागज र साक्षी झिकाउने, खर्च भराउने प्रमाण बुझ्ने आदी अधिकार हुनेछ ।

१५) मध्यस्थकर्ताको निर्णय वा फैसला प्रत्येक पक्षलाई एक प्रति सम्बन्धित मिसिल कागजातको साथै प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्ने छ ।

६९. अविस्वासको प्रस्ताव राख्न सकिने

१क) साधारण सभामा उपस्थित सदस्य संख्याको कम्तीमा एक चौथाई सदस्यहरुले लिखित रुपमा स्पष्टीकरण सहित निवेदन दिएमा अविश्वासको प्रस्ताव ल्याइएको मानिनेछ ।

१ख) जुन सदस्यप्रति अविश्वासको प्रस्ताव ल्याइएको हो सो व्यक्तिले साधारण सभामा आफ्नो स्पष्टीकरण र सफाई पेश गर्न पाउनेछ ।

१ग) साधारण सभामा अविश्वासको प्रस्ताव वहुमतवाट पारित भएमा सो पदाधिकारी स्वत संचालक समितिवाट हटेको मानिनेछ । उक्त विषयमा हुने निर्वाचनमा भने आरोपित पदाधिकारीलाइ मतदान गर्ने अधिकार हुनेछैन ।

७०. विनियम संशोधन तथा अनुसूचिमा हेरफेर

कुल सदस्यमध्ये कम्तीमा ५१ प्रातिशत उपस्थित भएको साधारण सभामा दुई तिहाइ सदस्यहरुबाट पारित भई संस्थाले आफ्नो विनियम संशोधन

गर्न सक्नेछ । यसरी संशोधन भएको विनियम सहकारी ऐन बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृति गरे पछि लागू हुनेछ र अनुसूचीमा आवश्यकता अनुसार थपघट वा हेरफेर गर्न सकिनेछ ।

७१. एकीकरण, विभाजन र विघटन

कूल सदस्यहरु मध्ये दुइ तिहाई सदस्यले प्रस्ताव पारित गरी संस्था एकीकरण वा विभाजन वा विघटन गर्ने निर्णय गरेमा एकीकरण वा विभाजन वा विघटन गर्दा सहकारी ऐनले तोके बमोजिमका प्रक्रियाको पालना गरिनेछ ।

७२ अमान्य हुने —

यस विनियममा उल्लेखित ब्यवस्थाहरु सहकारी ऐन नियम र सिद्धान्त संग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ । विनियममा उल्लेखित नभएका विषयमा सहकारी ऐन नियम सिद्धान्त बमोजिम संस्थाको काम कारवाही सञ्चालन हुनेछ ।

७३ अन्य —

१) संस्थामा कम्तीमा १० प्रतिशत तरलता राखिनेछ ।

२) आफ्ना सदस्यहरु विच मात्र कारोवार गरिनेछ ।

३) चुक्ता शेयर पूंजीको १० गुणा भन्दा बढि बचत संकलन गरिने छैन ।

४) संस्थाको साईनबोर्ड "आमाछोदिङमो सहकारी ऐन बमोजिम स्थापित" भनि लेखिनेछ ।

पेशगर्ने पदाधिकारीको
नाम —
दस्तखतः—
पदः—

विनियम स्वीकृत गर्ने अधिकारीको
नाम —
दस्तखत —
पदः—
कार्यालयको छाप
दर्ता मितिः—
दर्ता नं.

आमाछोदिङमो स्थानीय राजपत्र

संचालक पदाधिकारीहरुको नाम                    दस्तखत

क)  अध्यक्षः
ख)  उपाध्यक्षः
ग)  कोषाध्यक्षः
घ)  सचिवः
ङ)  सहसचिबः
च)  सदस्यः
छ)  सदस्यः
ज)  सदस्यः
झ  सदस्यः

अनुसूची‘१

९विनियमको ५ (२) संग सम्बन्धित)

संस्थाको चिन्ह र छाप

संस्थाको चिन्ह वा छाप (लोगो)यस प्रकार रहनेछ । गोलो आकारमा .........ा सहकारी संस्था लि........... रहनेछ । स्थापना ......... रहनेछ ।

अनुसूची—२

पहिलो प्रारम्भिक भेला

आज मिति .........गतेका दिन हामी निर्धारित कार्यक्षेत्र भित्र बसोबास गर्ने तपसिलका व्यक्तिहरुको उपस्थितिमा तथा श्री ..........को अध्यक्षतामा एउटा सहकारी संस्था लि. खोली सदस्यहरुको आर्थिक तथा सामाजिक स्तर उठाउने

आमाछोदिङ्मो स्थानीय राजपत्र

अभिप्रायले यो पहिलो प्रारम्भिक भेला बसी विविध विषयहरुमाथि गहन छलफल गरी समसामयिक र सान्दर्भिक निर्णय गरियो ।

| सि.नं. | नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

उपस्थित सबै व्यक्तिहरुको नाम, ठेगाना राखी दस्तखत गर्ने ।

प्रस्तावहरु

१. सहकारी संस्था खोल्ने सम्बन्धमा ।

२. सहकारी संस्थाको नाम र ठेगाना सम्बन्धमा ।

३. सहकारी संस्थाको उद्देश्य र कार्य सम्बन्धमा ।

४. कार्यक्षेत्र निर्धारण सम्वन्धमा ।

५. शेयर र प्रवेश शुल्क निर्धारण सम्बन्धमा ।

६. तदर्थ सञ्चालक समिति गठन सम्बन्धमा ।

७. संस्थाको विनियम, कार्ययोजना, आर्थिक तथा प्रशासनिक नियम लगायत वचत तथा ऋण नीति वनाउने सम्वन्धमा । (वचत तथा ऋण नीति वचत तथा ऋण सहकारी संस्थाको हकमा र सानो कार्य क्षेत्र हुने व्यवसायिक संस्थाको हकमा मात्र)

८. शेयर र प्रवेश शुल्क वापत उठेको रकम जिम्मा सम्बन्धमा ।

९. स्व—घोषण पेश गर्ने सम्बन्धमा ।

१०. विविध

निर्णयहरु

निर्णय नं. १

आमाछोदिङ्मो स्थानीय राजपत्र

प्रस्ताव नं. १ माथि छलफल गर्दा हामी निश्चित कार्य क्षेत्रभित्र बसोबास गर्ने मानिसहरुको आर्थिक सामाजिक स्तर उठाउन विभिन्न आयमूलक कार्यक्रम, संचालन गरी सदस्यहरुको आवश्यकता पूरा गर्ने अभिप्रायले सहकारी ऐन, नियम बमोजिम एउटा ................................................ खोल्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं.२ माथि छलफल गर्दा प्रस्तावित सहकारी संस्थाको नाम................................................ राखी कार्यालय स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

संस्थाको व्यवसायलाइ ध्यानमा राखी संस्थाको उद्देश्य र कार्यहरु विनियममा उल्लेख गर्ने र सोही बमोजिम तर्जुमा गर्ने निर्णय गरियो ।

निर्णय नंं. ४

प्रस्ताव नं.४ माथि छलफल गर्दा प्रस्तावित यस ................ पनि आफ्नो कार्य क्षेत्र भित्र राख्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं.५ माथि छलफल गर्दा प्रस्तावित .............. शेयर शुल्क प्रति शेयर रु........ र प्रवेश शुल्क रु...... राख्ने निर्णय सर्वसम्मतिबाट गरियो । सहकारी सदस्यहरुले मासिक बचत रु.......राख्ने निर्णय भयो । साथै संस्थाको शेयर पूजिं रु..........राख्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ सम्बन्धमा छलफल गर्दा आजको भेलाबाट प्रस्तावित ...................... तदर्थ संचालक समिति देहाय बमोजिमको गठन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

आमाछोडिको स्थानीय राजपत्र

सि.नं. पद नाम, थर

निर्णय नं. ७

प्रस्ताव नं.७ माथि छलफल गर्दा प्रस्तावित यस सहकारी संस्थालाई विधिवत दर्ता गरी सु—संचालन गर्नको लागि आवश्यक पर्ने संस्थाको विनियम मस्यौदा,संस्थाको कार्ययोजना, आर्थिक तथा प्रशासनिक नियम लगायत वचत तथा ऋण लगानि नीति बनाउनको लागि तदर्थ समितिलाई नै जिम्मा दिने निर्णय गरियो । सो समितिले मिति ...............मा हुने दोश्रो भेलामा विनियमको मस्यौदा पेश गर्ने निर्णय पारित गरिया ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ सम्बन्धमा छलफल गर्दा संस्था दर्ता गर्ने प्रयोजनको लागी उठाइएको सम्पूर्ण सदस्यहरुबाट प्राप्त भएको शेयर शुल्क वापतको रकम रु...... र प्रवेश शुल्क वापतको रकम रु......गरी जम्मा उठेको रकम रु. ।— (अक्षेरुपी ) संस्था दर्ता भए पश्चात संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने गरी हालको लागि संस्थाका तदर्थ समितिका कोषाध्यक्ष श्री ........को जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा प्रस्तावित यस सहकारी संस्थाको स्व—घोषणा तयार गरी मिति ............मा हुने दोश्रो भेलामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

प्रस्ताव नं. १० माथि छलफल गर्दा संस्थाको दोश्रो भेला मिति ..............मा गर्ने निर्णय गरियो । र सहकारीको नियमित मासिक बैठक प्रत्येक महिनाको ..... गते विहान ..... वजे वस्ने निर्णय गरियो । साथै आजको यस प्रारम्भिक भेलाले सहकारी संस्था खोल्ने सम्बन्धमा महत्वपूर्ण निर्णय गरेको हुँदा उपस्थित

सहभागीलाई भेलाको सभापतित्व ग्रहणकर्ताबाट धन्यवाद ज्ञापन गर्दै संस्था दर्ता गर्न सबैले आ—आफ्नो क्षेत्रबाट मन, बचन र कर्मले सहयोग गर्ने सामुहिक प्रतिवद्धताका साथ पहिलो प्रारम्भिक भेला समापन गर्ने निर्णय गरियो ।

दोश्रो भेला

मिति ............ गतेका दिन हामी निर्धारित कार्य क्षेत्र भित्र बसोबास गर्ने तपसिलका व्यक्तिहरुको उपस्थितिमा तथा प्रस्तावित श्री .......तदर्थ संचालक समितिका अध्यक्ष श्री............. अध्यक्षतामा दोस्रो भेला बसी विविध विषयहरुमाथि गहन छलफल गरी समसामयिक र सान्दर्भिक निर्णय गरियो ।

| सि.नं | नामथर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

उपस्थित सबै व्यक्तिहरुको नाम, ठेगाना राखी दस्तखत गर्ने ।

प्रस्तावहरु

१ मस्यौदा विनियम उपर छलफल गरी निर्णय लिने सम्बन्धमा

२ कार्ययोजनाको विषयमा छलफल गर्ने र निर्णय लिने सम्बन्धमा

३ संस्था दर्ता गर्न अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा

४ संस्था दर्ता पश्चात शेयर र सदस्य प्रवेश शुल्क वापत उठेको रकम कुन बैंकमा खाता खोली जम्मा गर्ने र खाता संचालन कस कसवाट हुने सम्बन्धमा

५ स्वघोषण पत्र, वचत तथा ऋण परिचालन निर्देशिका, आर्थिक तथा प्रशासनिक नियमावली पारित गर्ने सम्बन्धमा ।

निर्णयहरु

आमाछोदिङमो स्थानीय राजपत्र

निर्णय नं. १

प्रस्ताव नं.१ माथि छलफल गर्दा प्रस्तावित यस ..........को विनियम बनाउनको लागि मिति ........... गते श्री ..........को संयोजकत्वमा गठित विनियम मस्यौदा समितिले पेश गरेको विनियमको मस्यौदा माथि प्रथम प्रारम्भिक भेलामा प्रस्तावित छलफलका विषयहरु माथि व्यापक छलफल गरी सर्वसम्मतीले पारीत गर्ने निर्णय गरियो साथै उक्त विनियमको प्रत्येक पानामा हस्ताक्षर गर्नको लागि तदर्थ संचालक समितिलाई अधिकार दिने निर्णय पारित गरियो ।

निर्णय नं. २

प्रस्ताव नं.२ माथि छलफल गर्दा तदर्थ संचालक समितिले पेश गरेको कार्ययोजना सम्बन्धमा छलफल गरी सर्वसम्मतीले पारित गरियो ।

निर्णय नं. ३

यस सम्बन्धमा छलफल गर्दा प्रस्तावित यस सहकारी संस्था लि. दर्ता गर्ने सिलसिलामा सवै संचालकहरु सम्बन्धित निकायमा उपस्थित भएर कार्य गर्न विभिन्न व्यवहारिक कठिनाइले गर्दा असंभव हुने भएकोले संस्था दर्ता गर्न एवं विनियम लगायतका अन्य कागजातमा आवश्यक सामान्य थपघट गरी प्रमाणित गर्नको लागि तदर्थ संचालक समितिका अदक्ष्य श्री ..........लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस संस्थाका सदस्यहबाट उठेको रकम संस्था दर्ता भए पश्चात संस्थाले तोकेको बैंकमा तदर्थ संचालक समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुने गरी संस्थाको नाममा खाता खोल्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ५

यस सम्बन्धमा छलफल गर्दा तदर्थ समितिले पेश गरेको सम्भाव्यता अध्ययन र स्व—घोषणा पत्रको मस्यौदा उपर छलफल गरी सर्व सम्मतिले पारित गर्ने

स्थानीय राजपत्र

निर्णय गरियो साथै उक्त प्रतिवेदनको प्रत्येक पानामा हस्ताक्षर गर्न तदर्थ समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै संस्थाको वचत तथा ऋण नीति, आर्थिक तथा प्रशासनिक नियमावली उपर व्यापक छलफल गरी पारित गर्ने निर्णय गरियो ।

अनुसूची —३

सहकारी संस्थाको कार्ययोजनाको ढाँचा

सहकारी संस्थाको नाम-.........सहकारी संस्थाको ठेगाना ........

क) उद्देश्य —

१
२
३
४
५
६

ख) कार्यहरु —

१
२.
३
४
५
६
७
८.
९.
१०.

आमाछोदिङ्मो स्थानीय राजपत्र

ग) उपयुक्त कार्यहरुको लागि आवश्यक पूंजी —

९अ) १. स्थिर पूंजी —

कूल स्थिर पूँजी रु.

२. चालु पूँजी —

कूल स्थिर पूँजी रु.

३. पूँजी श्रोत रकम —

४. संस्थाको आय

५. खर्चहरु

६. खुद आय (बचत)

७. प्रतिशत

ङ्ड कूल लगानीमा आय प्रतिशत ...

ङ्ड कूल शेयर पूंजीमा आय प्रतिशत ...

अनुसूची —४

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
आमाछोदिङमो गाउँपालिका

विषय सहकारी संस्था दर्ता सम्बन्धमा ।

महोदय,

हामी देहायका व्यक्तिहरु देहायका कुराहरु खोली देहायको संस्थाको उद्देश्य अनुरुप संस्थाले तत्काल गर्ने कार्य सम्वन्धी योजना र प्रस्तावित संस्थाको विनियम ३ प्रति यसै साथ पेश गरेका छौं ।

१. संस्था सम्वन्धी विवरण —

९क) प्रस्तावित संस्थाको नाम —

आमाछोदिङ्मो स्थानीय राजपत्र

९ख) ठेगाना –

९ग)ः उद्देश्य –

९घ) मुख्य कार्य –

९ङ) कार्यक्षेत्र –

९च) दायित्व –संस्थागत

९छ) सदस्य संख्या – १. महिला .. जना
२. पुरुष ... जना

९छ) कूल शेयर पूंँजी

९ज) विक्री गर्ने शेयर संख्या र त्यसको रुपैंया –बिक्री शेयर ....... र त्यसको रुपैंया रु..............

आवेदक

तदर्थ अध्यक्ष

संस्था लि.

मिति –

द्रष्टव्य संस्थाले आफ्नो ठेगाना हेरफेर गर्नु परेमा हेरफेर गरेको मितिले सात दिन भित्र त्यसको सूचना गाउँपालिकामा पठाउने छ ।

अनुसूची – ५

आमाछोदिङमो स्थानीय राजपत्र

अधिकार प्रत्योजन

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू मिति
आमाछोदिङमो गाँउपालिकाको कार्यालय, रसुवा ।

विषय — अधिकार प्रत्यायोजन ।

महोदय,

यस प्रस्तावित ............................................... सहकारी संस्था लिमिटेडको मिति ............. गते बसेको दोश्रो भेलाले गरेको निर्णय अनुसार उक्त संस्था दर्ता गर्ने क्रममा प्रचलित ऐन नियम बमोजिम प्रकृया पूरा गर्नको निमित्त आवश्यक पर्ने काम कारवाही गर्नको लागि तथा विनियमा सामान्य थपघट गरी प्रमाणकिरण गर्ने लगायतका संपूर्ण अधिकार निम्न दस्तखत नमूना भएको तदर्थ संचालक समितिका अध्यक्ष श्री ............ र तदर्थ संचालक समितिका सचिव श्री ............लाई प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध छ । निजले हाम्रो प्रतिनिधिको रुपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी हामी स्वीकार गर्न मञ्जुर गर्दछौं ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको

नाम ............ ठेगानाः................

पदःअध्यक्ष दस्तखत नमूना

१. श्री ....................., ||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||, ||||||||||

नाम ............. ठेगानाः ......................... पदःसचिव

दस्तखत नमूना

आमाछोदिङमो स्थानीय राजपत्र

२.        श्री ………………, ||||||||||||||||||||  ||||||||||||,          ||||||||||

क्र.सं॰ शेयर सदस्यहरुको नाम, थर        ठेगाना  दस्तखत

नोटः  (१) अधिकार प्रत्यायोजन पत्रमा आवेदक सबैको विवरण समावेश गर्नु पर्नेछ ।

९२) संघको हकमा पनि यस्तै प्रकारको अधिकार प्रत्यायोजनको पत्र दिनु/लिनु पर्नेछ ।

अनुसूची—६

स्वघोषणा पत्र

यस प्रस्तावित  ………….. सहकारी संस्था लिमिटेड दर्ता गर्न निवेदन गर्ने हामी तपसिल बमोजिमका आवेदकहरु निर्धारित मापदण्ड बमोजिम देहायको प्रतिबद्धता व्यक्त गर्दछौ । विवरण साँचो हो, झुठा ठहरे हाम्रो यस प्रस्तावित संस्थाको दर्ता खारेज गरी थप कारवाही गरेमा समेत हाम्रो मञ्जुरी रहेको व्यहोरा स्वीकार गर्दछौ ।

"हामी यस प्रस्तावित संस्थाका देहायका आवेदकहरु यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौ । बै.क तथा वित्तिय संस्था र अन्य कुनै सहकारी संस्था/संघ/राष्ट्रिय सहकारी बैंकको र राज्यको कानून बमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौ । यस अघि सहकारी संस्था खोली सदस्यहरुको रकम हिनामिना गरी कारवाहिमा परेका वा फरार रहेका व्यक्ति हैनौ । कालो धनलाइ सुद्धिकरण गरेका व्यक्ति तथा सम्पत्ति सुद्धिकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्तिहरु हैनौं । हामी सहकारीका अन्तराष्ट्रिय सिद्धान्त, मूल्य र मान्यता तथा सहकारी ऐन नियम र निर्देशन तथा संस्थाको स्वीकृत विनियम बमोजिम सामूहिक

सामाजिक, आर्थिक र सांस्कृतिक विकासको लागि यस संस्थाको संचालन गर्न मञ्जुर गर्दछौं ।

क्र.सं ः शेयर सदस्यहरुको

| नामथर | नागरिकता नं. र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क फोन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

नोटः स्व—घोषणापत्रमा आवेदक सबैको विवरण समावेश गर्नु पर्नेछ ।

अनुसची— ७

आमाछोदिङमो स्थानीय राजपत्र

संभाव्यता अध्ययन प्रतिवेदनको ढाँचा

प्रस्तावित ............................................ सहकारी संस्था लिमिटेडको संभाव्यता अध्ययन प्रतिवेदन,

आवश्यकताको पहिचान

पुँजीको श्रोत

व्यावसायीक संभाव्यता

प्रस्तावित संस्थाको लागि आवश्यक पर्ने जनशक्ति देहाय बमोजिम हुनेछ

संचालक समितिः

अध्यक्षः

उपाध्यक्षः

सचिवः

सहसचिवः

कोषाध्यक्षः

सदस्यः

सदस्यः

सदस्यः

सदस्यः

सेवा पाउने सदस्यहरुको अधिकतम संख्या .........

कार्यक्षेत्र भित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरुको संख्या छैन ।

कार्यक्षेत्र भित्र बसोबास गर्ने जनसंख्या .........

कार्यक्षेत्र भित्रको बजारको स्वरुप

लक्षित समूह ...........

संस्थाको भावि कार्यक्रम

अनुसूची—८

आमाछोदिङमो स्थानीय राजपत्र

भर्पाई

भर्पाइ दार्दै प्रस्तावित् .......... संस्था लिमिटेडको तदर्थ संचालक समितिका कोषाध्यक्ष श्री ..................आगे उक्त ................. संस्था लि.को शेयर सदस्यहरुको पहिलो प्रारम्भिक भेलाको मिति .............को निर्णय बमोजिम प्रति शेयर रु......।' का दरले ........ जनाबाट जम्मा ..... कित्ताको हुन आउने जम्मा रकम रु......./- ९अक्षेरुपी ........... मात्र) र प्रवेश शुल्क व्यक्ति रु..........।— का दरले हुन आउने रु. .....।— (अक्षेरुपी ........... मात्र) गरी जम्मा रु. ..........।— (अक्षेरुपी ............ मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने प्रतिवद्धता सहित उक्त रकम मैले बुझिलिई यो भर्पाइमा सहीछाप गरी आमाछोदिङमो गाउँपालिकाको कार्यालय, गोल्जुङबेसी रसु्वामा पेश गरेको छु । प्राप्त रकम हाल मेरो ..........................मा रहेको ...........हिसाब नं.........................मा जम्मा गरी बैंक आमाछोदिङमो गाउँपालिकाको कार्यालय, गोल्जुङबेसी रसु्वामा पेश गरेको छु । उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राख्नेछु । संस्थाको बैंक खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा प्रचलित कानून बमोजिम कारवाई भएमा मेरो मञ्जुरी छ ।

इति सम्बत् २०...... साल ........ महिना .... गते रोज ....शूभम् ...............................................।

अनुसूची — ९

..................... सहकारी संस्थाको हकमा आवेदन गर्ने व्यक्तिहरुको विवरण र दस्तखत

| क्र.स | वाजेको नाम थर | वावुवा पतिको नाम थर | आवेदकको नाम थर | उमेर | ठेगाना | पेशा | शेयरको विवरण | सम्पर्क नम्वर | रेखात्मक दस्तखत | फोटो | फोटोमा पर्ने गरि दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

प्रति शे. रकम   खरिद शे. संख्या   शेयरको रकम

१

२

३

४

५

६

७

आमाछोदिङ्मो स्थानीय राजपत्र

८

९

१०

११

१२

१३

१४

१५

१६

१७

१८

१९

२०

२१

२२

२३

आमाछोदिङमो स्थानीय राजपत्र

२४

२५

## अनुसूची — १०

### ............... लिमिटेडको तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण फाराम

| सि.नं. | वाजेको नाम | बावु वा पतिको नाम | संचालकको नाम पद | ठेगाना | पेशा | निर्वाचित मिति | वहाल रहने अवधि | रेखात्मक दस्तखत | फोटो | र फोटोमा पर्ने गरी दस्तखत | सम्पर्क.नंम्वर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

१

२

३

आमाकोडिङमो स्थानीय राजपत्र

४

५

६

७

८

९

१०

११

अनुसूची — ११

संघको हकमा आवेदन गर्ने संस्था वा संघको विवरण र दस्तखत

सि.नं.-संस्था-संघको नाम ठेगाना-शेयर पूँजी-९आवेदक संस्थाको) सदस्य संख्या

९आवेदक संस्थाको) दर्ता मिति

९आवेदक संस्थाको) आवेदकले खरिद गरेको शेयरको विवरण दस्तखत

प्रतिनिधित्व गर्ने व्यक्तिकोसम्पर्क नम्वर

आम्चोदिङ्मो स्थानीय राजपत्र

संस्था वा प्रतिनिधित्व गर्ने व्यक्तिको    कैफियत    प्रति    शेयर    रकम

खरिद शेयर    शेयरको रकम    प्रतिनिधित्व गर्ने व्यक्तिको नाम

१ २ ३ ४ ५ ६ ७ ८ ९

२

३

४

५

६

६

७

८

९

आमाछोदिङमो स्थानीय राजपत्र

अनुसूची — १२

................. सहकारी संघको तदर्थ संंचालक समितिका सदस्यहरुको विवरण फाराम

सि. नं. वाजेको नाम बावु वा पतिको नाम संचालकको नाम प्रतिनिधित्व गर्ने संस्थाको नाम पद ठेगाना पेशा निर्वाचित मिति वहाल रहने अवधि रेखात्मक दस्तखत फोटो र फोटोमा पर्ने गरी दस्तखत सम्पर्क नंम्वर कै.

१

२

३

४

५

६

आमाछोदिङमो स्थानीय राजपत्र

७

८

९

आमाछोदिङमो स्थानीय राजपत्र

अनुसूची – १३

सदस्य दर्ता किताव

सि.नं. वाजेको नाम बावुको नाम पति वा पत्नीको नाम सदस्यको नाम, थरउमेर ठेगाना पेशा खरिद गरेको शेयर संख्यासदस्य भएको मिति मनोनित हकवालाको नाम उमेर ठेगाना दस्तखत वा सही कैफियत

१

२

३

४

५

६

७

८

९

१०

आमाछोदिङमो स्थानीय राजपत्र

११

१२

१३

१४

१५

१६

१७

१८

१९

२०

२१

२२

आमाछोदिङमो स्थानीय राजपत्र

२३

२४

२५

आमाछोदिङमो स्थानीय राजपत्र